म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक ३२१ बुधबार १५ असार २०७९ ने. सं. ११४२ दिल्लाथ्व 29 Jun, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

मदन भण्डारीको जन्म जयन्तीमा मामाघरलाई खाद्यान्न सहयोग

हेटौंडा, १४ असार/ स्वर्गीय जननेता मदन भण्डारीको ७१ औं जन्म जयन्तीमा मामाघर नेपाल मकवानपुरलाई खाद्यान्न सहयोग गरेको छ ।

नेकपा एकीकृत समाजवादीको भातृ संगठन अनेरास्ववियु मकवानपुर जिल्ला कमिटीले स्वर्गीय जननेता भण्डारीको जन्म जयन्तीमा मामाघरलाई खाद्यान्न सहयोग गरेको हो ।

अनेरास्ववियु मकवानपुर जिल्ला कमिटीका अध्यक्ष अरुण बर्तौलाको नेतृत्वले मंगलबार मामाघरलाई खाद्यान्न हस्तान्तरण गरेको छ । ४ बोरा चामल, ५ लिटर तेल, ५ प्याकेट नुन, ३ किलोग्राम दाल सहयोग गरेका छन् ।

यसैगरी ५ किलोग्राम चिउरा, ३ किलोग्राम चना, २ दर्जन साबुन, २ वटा बल सहयोग गरेका छन् । कार्यक्रममा उपमहासचिव किशोर टण्डन, स्थायी कमिटी सदस्य सुलभ अधिकारी, सचिव आकाश अधिकारी लगायतको उपस्थिति थियो ।

बाढी पस्ने त्रासले रातभर निदाउँदैनन् फाँटबजारबासी

साझाकुरा संवाददाता

हेटौंडा, १४ असार/ यसवर्षका मनसुन सुरु भइसक्यो । खोला तथा नदीहरुमा पानीको बहाब बढ्दा हालसम्म देशका विभिन्न स्थानमा जनधनको क्षति भइसकेको छ ।

राज्यले विपद् जोखिम नियन्त्रणमा ध्यान नदिंदा कयौं नागरिकले अकालमै ज्यान गुमाइरहनु परेको छ । राज्य संयन्त्रले विपद् नियन्त्रणमा दिगोपानलाई ध्यान नदिएको पाइएको छ । मकवानपुरको उत्तरी क्षेत्रस्थित थाहा नगरपालिकामा पनि निर्माण कम्पनीले ढिलाई गर्दा नगरबासी दिनरात चिन्तामा रहेका छन् । फेदीगाउँ-शंखमुल नदी तटबन्धन योजना अलपत्र हुँदा २ हजार ५ सय रोपनी खेतियोग्य जग्गा र २ सय ५० घरधुरी बाढीको जोखिममा छन् । थाहा नगरपालिका-२ फाँटबजारबासी दिनभर ठेकेदारको आशमा रातभर जाग्राम बस्ने गरेका छन् । नदी नियन्त्रण समयमै हुन नसक्दा फाँटबजारबासी जनप्रतिनिधिदेखि नेताको दैलो चहार्न बाध्य भएका हुन् ।

वर्षासँगै भुसकाट खोलामा आउने बाढीले फाँटबजारका करिब ६० घरधुरी प्रत्यक्ष प्रभावित छन् । उनीहरुलाई वर्षाले खोलामा पानीको बहाव बढेसँगै फाँटबजारमा बाढी पस्ने त्रास छ । 'हामीलाई रातभर निन्द्रा लाग्दैन् । पानी पऱ्यो भने त सामान पोको पार्नुपर्छ ।,' फाँटबजारकी सविना गिरीले दुखेसो गरिन् । उनलाई निरन्तर पानी परेपछि भुसकाट खोलामा आउने बाढी आफ्नो घरमा पस्ने डर छ । 'हरेक वर्षको वर्खामा खेला फाँटबजार पस्ने गरेको थियो । हामीले नदी नियन्त्रण गर्न बारम्बार भनिरहँदा कसैले चासो दिएनन् ।,'



गिरीले सुनाइन् । यसवर्षको मनसुन सुरु भएपछि २ पटक सानो छोरी बोकेर राती घर छोड्नु परेको गिरीको भनाई छ । गतवर्ष खोलामा बाढी आउँदा ८३ वर्षीय बुढालाई बोकेर भागेको उनले सुनाइन् ।

पानी परेपछि सुतिरहेका बच्चा र वृद्धवृद्धालाई उठाएर सुरक्षित स्थानमा जानुपर्ने बाध्यता रहेको उनले गुनासो गरिन् । फाँटबजारमा २०५० सालमा आएको बाढीले ठूलो धनजनको क्षति गरेको स्थानीय अर्जुन कार्की बताउँछन् । उनले पालुङदेखि फेदीगाउँसम्मका साढे २ घर परिवार बाढी प्रभावित रहेको बताए । 'बाढीले खोलाको छेउमा राखिएको ग्राभेल बगाएर लगेपछि सिधै फाँटबजार पस्ने हो । हामीलाई पानी परेपछि कहाँ जाउँ, के गरौं हुन्छ ।,' कार्कीले सुनाए ।

फाँटबजारबासीले बस्ती बचाउ सरोकार समिति बनाएर जनप्रतिनिधिदेखि नेताहरुको नदी नियन्त्रणको लागि हारगुहार गर्दै आएका छन् । तर, दिनरात त्रासमा बस्दै आएपनि समस्या बुझ्दिने कोही नभएको केशव कार्कीले सुनाए । प्रभावित क्षेत्रका बासिन्दा थाहाका नगर प्रमुख विष्णुबहादुर विष्टलाई भेटेर तत्काल समस्या समाधानको लागि पहल गरेका छन् ।

विष्टले तटबन्धन निर्माण गर्ने जिम्मेवारी लिएर करार रहेको निर्माण व्यवसायीलाई सम्पर्क गरेर तत्काल काम सुरु गर्न निर्देशन दिए । तर, मेयरकै निर्देशनलाई निर्माण व्यवसायीले अटेर गर्दै आएको पीडित कार्कीले बताए ।

नदी तटबन्धन निर्माणको जिम्मा हेटौंडाको माइरा कन्ट्रक्शनले पाएको थाहा नगरपालिकाका इन्जिनियर सन्तोष बोहरले जानकारी दिए । माइरा कन्ट्रक्शनले नदी तटबन्धनको सम्झौता गरेरपनि काम नगरेको स्थानीयले गुनासो गरेका छन् ।

थाहा नगरपालिकाले २०७३ सालमा नदी नियन्त्रणको डीपीआर निर्माण गरेको थियो । नगरपालिकाले जर्ती खोलामा मात्रै तटबन्धनको निर्माण गरेको स्थानीय रमेश बस्नेतले बताए । जर्ती खोला निवर्तमान मेयर लवशेर विष्टको घर भएको क्षेत्र हो । फाँटबजार पछाडि खोलामा बनाइएको अस्थायी चेक ड्याम यस अघिको भेलले खेलिसक्केको स्थानीय बस्नेतले बताए । 'भेलले नै ड्याम खेलिसक्यो । अब बाढी पाए घर भएको ठाउँमा खेला पस्छ । हामी न थातथतो छोड्ने स्थितिमा पुऱ्यौं, न बस्न नै सक्छौं ।,' बस्नेतले गुनासो गरे । उनका अनुसार २०५० सालमा आएको बाढीले करिब ५१ जनाको मृत्यु भएको थियो । हालसम्म फाँटबजारबाट २० देखि ३० घर विस्थापित भइसकेको बस्नेतले जानकारी दिए ।

थाहा नगरपालिकामा विगतका वर्षमा बाढीले खेतियोग्य जग्गाको कटान गर्नुका साथै किसानको लाखौंको तरकारी बाढीसँगै बगेको थियो ।

तरकारी उत्पादनका लागि थाहा नगरपालिका प्रख्यात क्षेत्र हो । यहाँ उत्पादित तरकारीले काठमाडौंमा अध्याभन्दा बढी तरकारीको माग परिपूर्ति गर्छ ।

थाहाको पनि फाँटबजार आलु, काउली, बन्दालगायतका तरकारी उत्पादनको पकेट क्षेत्र हो । यही खेतियोग्य जग्गा बाढीको उच्च जोखिममा छन् । २०७६ सालमा लाखौंको आलु, मकै, बन्दा, मुला बाढीले बगाएको पीडित बस्नेतले बताए ।

कृषि नै मुलुकको समृद्धीको आधार: सुमार्गी

साझाकुरा संवाददाता

हेटौंडा, १४ असार/ उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य तथा कृषि उद्यम केन्द्रका सभापति अरुणराज सुमार्गीले मधेसका खाली जमिनमा व्यवसायिक कृषिको आयाम ल्याउन आफू निरन्तर लागिरहेको बताएका छन् ।

सम्मद्धीको आधार कृषि, उद्योग, पर्यटन भन्ने नाराका साथ उद्योग वाणिज्य संघ सिरहाको ३३ औं वार्षिक साधारणसभा एवंम अधिवेशनमा बोल्दै सुमार्गीले यस्तो बताएका हुन् । उनले मधेश प्रदेश सरकारसंग मिलेर सय किसान अभियानलाई थप व्यवस्थित बनाउने समेत बताए । उनले आफ्ले कृषि उद्यम केन्द्रको सभापतिको रुपमा उद्योग वाणिज्य महासंघमार्फत विभिन्न कार्यक्रम अघि बढाइरहेका बताउदै कृषि नै मुलकको सम्मद्धीको आधार भएको बताए । सभापति सुमार्गीले मधेसमा आँप, केरा लगायतका फलफुलको थप व्यवसायिक उत्पादन गर्न सबै मिलेर अघि बढ्नुपर्ने धारणा व्यक्त गरे । संघका अध्यक्ष अशोकलाल अमात्यको अध्यक्षतामा भएको कार्यक्रममा मधेस प्रदेशका अर्थमन्त्री शैलेन्द्र प्रसाद शाहले सभा उद्घाटन गरेका थिए ।

धान दिवस

छुपुमा छुपु हिलोमा धान रोपेरै छाडौंला बनाई कुलो लगाई पानी आएर गोडौंला

साझाकुरा संवाददाता

हेटौंडा, १४ असार/ आज राष्ट्रिय धान दिवस । प्रत्येक वर्ष असार १५ गते मनाइने धान दिवस आज खेतमा काम गरी दही चिउरा खाएर मनाईंदै छ । कामको चटारोले थकित भएका किसान शक्ति प्राप्तिका लागि दही चिउरा खान्छन् । यसबेला दही चिउराले शरीरमा शीतलता भई शक्ति सञ्चय हुने विश्वास गरिन्छ । असार १५ लाई नेपाली समाजमा दही चिउरा खाने पर्वको रुपमा पनि लिइन्छ ।

खेतीपाती बाहेक अन्य पेशा र व्यवसायमा लागेका नेपालीले पनि आज दही चिउरा खाई असार १५ मनाउँछन् । नेपाली संस्कृतिमा दहीको स्थान महत्वपूर्णछ । शुभकार्यका लागि घरबाहिर निस्केने, विदेश जाने आदि महत्वपूर्ण काम गर्नुअघि दही अक्षता मुछेर निधारमा रातो टीका लगाउने परम्परा छ । यस्ता शुभकाममा निस्कनु अघि सगुनका रुपमा पनि दही खुवाएर बिदाइ गरिन्छ । निस्केने बेलामा दही खाएर हिंडे साइत पर्ने जनविश्वास रही आएको छ । दही वैज्ञानिक दृष्टिले पनि स्वास्थ्यवर्द्धक मानिन्छ ।

गुरु गोरखनाथले नेपालको एकीकरणकर्ता श्री ५ बडामहाराजधिराज पृथ्वीनारायण शाहलाई दही खान दिएर पराक्रमी हुने भविष्यवाणी गरेका थिए । आयुर्वेदमा भोजनको अन्त्यमा दही मधेर बनाएको मोही पिएमा औषधि उपचारका लागि स्वास्थ्यकर्मीकहाँ जानु नपर्ने बताइएको छ । 'भोजनान्ते पिबेत् तक्रं वैद्यस्य किं प्रयोजनम्' भन्ने जस्ता वाक्य पनि आयुर्वेदमा उल्लेख गरिएको छ । दहीले पाचन शक्ति पनि बढाउँछ । पखाला लागेका बेला दही चिउरा खाएमा औषधिको काम गर्छ । यसैले दही चिउरा खाने संस्कारले नेपाली संस्कृतिमा बृहद् रुप लिएको छ ।

यसरी असार १५ गते नेपाली समाजमा राष्ट्रिय सांस्कृतिक पर्व बन्न सफल भएको छ । सरकारले विसं २०६१ मंसिर २९ गते मन्त्रीस्तरीय निर्णय गरी २०६२ साल असार १५ गतेदेखि राष्ट्रिय धान दिवस मनाउन थालिएको हो । कृषि प्रधान देश भएकाले नेपालका अधिकांश मानिसको पेशा खेतीपाती हो । किसान वर्षभरका लागि छाक जुटाउन यो महिना खेतीमा व्यस्त हुन्छन् । आजका दिन असारे भाकामा लोकदोहोरी गाउँदै छुपु छुपु हिलोमा धान रोपिन्छ । 'छुपु र छुपु हिलोमा धान रोपेर छोडौंला, बनाई कुलो लगाई पानी आएर गोडौंला' जस्ता लोक लयका गीत गाएर खेतमै रमाइलो पनि गरिन्छ । मध्य गर्मीको यो समयमा युवा लाठे र युवती रोपाहारले खेतका गराको हिलो छुयापा छुयाप गरेर मनोरञ्जन गर्छन् । असारमा एकपटक हिलोमा पस्नै पर्ने मान्यता पनि नेपालीमा समाजमा रहेको छ ।

आज बुधबार राष्ट्रिय धान दिवसको दिन हेटौंडासहित मकवानपुरका विभिन्न स्थानमा कार्यक्रम गरिदै छ । हेटौंडा उपमहानगरपालिकाले ११ र १७ नम्बर वडामा धान दिवस विशेष कार्यक्रमको आयोजना गरेको छ । त्यस्तैगरी बागमी प्रदेशको कृषि तथा पशुपंछी विकास मन्त्रालयले र रेडियो थाहासञ्चारले पनि धान दिवस विशेष कार्यक्रमको आयोजना गरेको छ ।

अनलाइन जुवा खेल्ने १२ जना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, १४ असार/ मकवानपुर प्रहरीले अनलाइन जुवा खेल्ने १२ जनालाई पक्राउ गरेको छ । हेटौंडामा अनलाइन जुवा खेल्ने १२ जनालाई प्रहरीले पक्राउ गरेर सार्वजनिक गरेको हो ।

हेटौंडा-४ स्थित कमलडाँडामा रुकमणि न्यौपानेको घरको तेस्रो र चौथो तलामा सूर्य प्रसाद टेक्नोलोजी प्राइभेट लिमिटेड नामक कम्पनी सञ्चालन गरेर स्थानीय कुलदिप पठकले कोठा भाडामा लिएर अनलाइन जुवा खेलाउने १२ जना युवालाई पक्राउ गरिएको मकवानपुर प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक टेक बहादुर कार्कीले बताए । उनले पाठक र अन्य ११ जनालाई पक्राउ गरिएको बताए पक्राउ पर्नेमा हेटौंडा-९ लामसुरे बस्ने २३ वर्षीय निसान आचार्य, हेटौंडा-४, कमलडाँडाकै २४ वर्षीय राजीव गौतम, हेटौंडा-१४ चुरियामाईका २४ वर्षीय निमा थिङ, हेटौंडा-१२, पदमपोखरीका २३ वर्षीय विकास बल, मनहरी-४, मसिनेका २० वर्षीय जोसिल खत्री, गोरखा पालुङटार-७ का २२ वर्षीय डुलास तामाङ, २१ वर्षीय तिकमान तामाङ, अमोश तामाङ र बारा निजगढ-४ का २० वर्षीय अर्पण खड्का रहेका छन् ।

प्रहरी नायब उपरीक्षक कार्कीले अनलाइन जुवा खेल्न प्रयोग भएका विभिन्न कम्पनीका १ सय १० थान मोबाइल, ३ थान ल्याप्टप, ५ थान कम्प्युटर र नगद १ लाख ४५ हजार ७५ रुपैयाँ बरामद गरेको बताए । पक्राउ परेका सबै माथि म्याद थप गरेर आवश्यक अनुसन्धान सुरु गरिएको जनाइएको छ ।

नगरस्तरीय हाजिरी जवाफमा बालजागृति प्रथम

साझाकुरा संवाददाता

हेटौंडा, १४ असार/ नगरस्तरीय हाजिरी जवाफ प्रतियोगितामा बालजागृति बोर्डिङ स्कुल प्रथम भएको छ । मंगलबार हेटौंडा उपमहानगरपालिकाले आयोजना गरेको प्रतियोगितामा समूह जे नामकरण गरिएको बालजागृति प्रथम भएको हो । प्रतियोगितामा आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय हेटौंडा-४ दोस्रो, ब्रह्माम्डिक एकेडेमी हेटौंडा-४ तेस्रो र वंशगोपाल माध्यमिक विद्यालय हेटौंडा-६ सान्त्वना भएको हेटौंडा उपमहानगरपालिका शिक्षा विकास महाशाखाका शिक्षा अधिकृत रामचन्द्र खड्काले जानकारी दिए । प्रथम, दोस्रो, तेस्रो र सान्त्वना हुने विद्यालयहरुलाई क्रमश: १५ हजार, ९ हजार, ६ हजार र ३ हजार रुपैयाँसहित प्रमाणपत्रले पुरस्कृत गरिएको अधिकृत खड्काले बताए ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरू:
☞कार वास भित्र/बाहिर
☞वाइरिङ मर्मत
☞A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
☞टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

हेटौंडालाई Green City बनाउने उद्देश्यसहित
सुन्दर नगरी हेटौंडामा बिक्री
शुभारम्भ

YADEA
e-SCOOTERS



Offer
रू.१०,०००।-
नगद छुट

YADEA e-SCOOTER का विशेषताहरु:
☞Full Charge गर्न ४-५ घण्टा लाग्ने ।
☞Full Charge ले १०० किमी कुद्ने ।
☞२००० वाट क्षमता भएकोले एकपटक Full Charge गर्दा १.५ युनिट विद्युत् खपत ।
☞ट्यूबलेस टायर ☞ब्याट्रिमा एक वर्ष वारेन्टी

बर्षा ई-अटोमोबाइल्स
हेटौंडा-२, चौकीटोल (भाटभटेनी नजिकै)
प्रो. सबी भण्डारी ९८५५०६७४६०

साझाकुरा

हाम्रो कुरा

धान उत्पादन बढाऔं

आज असार १५ गते नेपालमा १९ औं 'राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव' मनाइँदै छ । नेपालीका मुख्य खाद्यबालीको रुपमा देशैभर तराई तथा पहाडी क्षेत्रमा धान खेती गरिन्छ । किसानको मनोबल उच्च राखी उनीहरुको श्रमको सम्मान गर्ने उद्देश्यले कृषि तथा सहकारी मन्त्रालयले मुलुकभरि २०६२ सालदेखि असार १५ लाई राष्ट्रिय धान दिवसको रुपमा मनाउने परम्परा बसालेको छ । वि.सं. २०६१ मा विश्वका ४३ राष्ट्रले संयुक्त राष्ट्रसंघलाई अन्तर्राष्ट्रिय धान वर्ष घोषणा गर्न अनुरोध गरेका थिए । राष्ट्रसंघले धान वर्ष घोषणा गरेपछि नेपालमा २०६२ सालबाट धान दिवस मनाउन थालिएको विज्ञहरुको भनाइ छ । नेपालको कूल गार्हस्थ उत्पादनमा ३८ देखि ४० प्रतिशतसम्म योगदान रहेको कृषि क्षेत्रमा असारको रोपाईंले ठूलो अर्थ राख्छ । नेपालको कूल धान खेतीको करिब २१ प्रतिशत क्षेत्रफलमा मात्र सिंचाई सुविधा उपलब्ध भएकाले बाँकी क्षेत्र मनसुनमै भर पर्नुपर्ने स्थिति छ । त्यसैले 'मानो रोपेर मुरी फलाउने' यो समयमा कृषकहरु आफ्ना अन्य काम छाडेर भएपनि असारे भेल छोपी धानबाली लगाउन व्यस्त हुन्छन् ।

धानबालीका विभिन्न पक्षलाई उजागर गर्दै धानलाई राष्ट्रिय अर्थतन्त्रको आधारस्तम्भ रुपमा चिनाउन विभिन्न सरोकारवालाको समन्वय तथा सहकार्यमा १९ औं राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव मनाइँदै छ । नेपालको प्रमुख खाद्यान्न बाली धान उत्पादनमा दिन प्रतिदिन कमी आइरहेको छ । जनसंख्या बढ्दो भएपनि कृषि प्रविधि परम्परागत भइदिँदा आवश्यकताअनुसारको खाद्यान्न उत्पादन हुन सकेको छैन । नेपालमा धान उत्पादन कम हुनुको प्रमुख कारण खेतीयोग्य जमिनमा आवासका लागि 'प्लटिङ' हुनु र समयमा मनसुनी वर्षा नहुनु रहेको छ । अहिलेकै अनुपातमा जग्गा प्लटिङ हुँदै जाने र काम गर्ने श्रमशक्ति विदेशिने हो भने नेपालमा भात खाँनै नपाइने स्थिति उत्पन्न नहोला भन्न सकिन्न । सरकारले कृषियोग्य जमिनमा बस्ती त के घर समेत बनाउन नपाइने नियम कडाइका साथ लागू नगर्दासम्म यो अवस्थामा सुधार आउँदैन । नेपालमा धान उत्पादन अन्य बालीको तुलनामा झण्डै दोब्बर रहेको भएपनि कृषकले माटो सुहाउँदो धान नलगाउनु र व्यावसायिकतातर्फ उन्मुख नहुनुले पनि उत्पादनमा कमी आउने अर्को कारण देखिन्छ । देशको कूल जनसङ्ख्याको करिब ६६ प्रतिशत कृषिमा आश्रित भई ३५ प्रतिशतभन्दा बढी कूल गार्हस्थ उत्पादन कृषि क्षेत्रबाट प्राप्त हुने अवस्थामा त्यसको करिब २१ प्रतिशत योगदान धानको मात्र हुने गरेको छ । हाल नेपालमा करिब १५ लाख हेक्टर क्षेत्रफलमा धानखेती हुँदै आएको छ ।

अन्य देशको तुलनामा नेपालमा धानखेतीका लागि अनुकूल वातावरण पाइन्छ । बढ्दो जनसङ्ख्या, घट्दो खेतीयोग्य जमिन, सिँचाईको अभाव, उच्च मूल्यका कृषि वस्तुमा प्राथमिकता, जलवायु परिवर्तनलगायत चुनौती हुँदाहुँदै पनि धानको उत्पादन बढाउनु मुलुकको खाद्य सुरक्षाको लागि अपरिहार्य छ । नेपालमा धानसम्बन्धी छुट्टै राष्ट्रिय नीति आवश्यक भएपनि त्यसले अझैसम्म पूर्णता पाउन सकेको छैन । वर्षेनि धानखेती गरिने क्षेत्रफल घट्दै गएका कारण धानको उत्पादन पनि घटिरहेको छ । कृषिमा उन्नत प्रविधिको प्रयोग गरी धानको उत्पादन बढाउन सबै गम्भीर हुनुपर्ने बेला आएको छ ।

कतै कामै काम, कतै आरामै आराम

ईश्वरीप्रसाद पोखरेल

संघ, प्रदेश तथा स्थानीय तहसमेतलाई संविधानको अनुसूचीमा आधारित हुँदै काम सम्पादन गर्ने अधिकार प्राप्त छ । नेपाल सरकारको कार्य विस्तृतीकरणको आधारमा राज्य, सरकार तथा नेतृत्वको तहलाई स्पष्ट जिम्मेवारी दिइएका छन् । यसरी राज्यका निकायहरूलाई आफूले निर्वाह गर्नुपर्ने तथा प्राप्त काम, कर्तव्य, अधिकारको सुनिश्चितता गरिएका छन् । सत्ता शक्तिका आधारमा कतै ढिपी र ज्यादती नहोस् भन्ने उद्देश्यले नै संविधानमा नै तहगत स्पष्ट दायित्व तथा जवाफदेहिताप्रति नेतृत्वलाई सचेतताको व्यवस्था गरिएको छ ।

यी सबै प्रावधानलाई सर्वपक्षीय हितमा परिचालन हुने गर्ने बनाउने मानव संसाधन (जनशक्ति) विकास, व्यवस्थापनले हो । जनशक्तिको सही उपयोगको व्यवस्थापन गर्ने, गराउने नीति अनुरूप नै राज्यका निकायगत संरचना, जनशक्ति व्यवस्थापन सर्वेक्षण संगठन निर्माण र पदसोपानको निर्धारण गरी कर्मचारीहरूको व्यवस्था मिलाइएको हुन्छ । जनशक्तिको उत्पादन, रोजगारी, स्वरोजगारी तथा आयार्जन सम्बद्ध विषय आमजनताको चासोमा पर्दछ । नेपाल सरकार कार्यविभाजन नियमावली २०७४ अनुसार जनशक्ति आवश्यकता पहिचान, प्रक्षेपण, विकास तथा उत्पादन र प्रयोगको नीतिगत, योजनागत र कार्यक्रमगत नतिजा दिने जिम्मेवारी सरकारले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई दिएको छ ।

मुलुकको सर्वाङ्गीण जनशक्ति विकासका लागि अध्ययन गर्न मन्त्रालयले राष्ट्रिय जनशक्ति विकास अध्ययन प्रतिवेदन-२०७८ पेस गर्न कार्यदल गठन गरेको थियो । संघीय सरकारको कार्यक्षेत्र तथा भार अति ठूलो हुनु स्वाभाविक हुन्छ । नेपालको संविधान बमोजिम संघीय सरकारका एकल अधिकार पैंतीस, संघ तथा प्रदेश तहका साझा अधिकार २५ एवम् संघ, प्रदेश र स्थानीय तहका साझा अधिकार १५ गरी समग्रमा एकल तथा साझा अधिकारका आधारमाक संघीय सरकारको कार्यक्षेत्र ७५ ओटा स्पष्ट निर्धारित छन् ।

नेपाल सरकारका संघीय मन्त्रालयगत कार्यभारलाई यसरी देखाउन सकिन्छ, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय-४८ तथा सबै मन्त्रालयगत प्राथमिकताका कार्यभार तपसिल छ : गृह-५२, उद्योग, वाणिज्य तथा आपूर्ति-४४, अर्थ-४३, स्वास्थ्य तथा जनसंख्या-३५, शिक्षा, विज्ञान तथा प्रविधि-३४ वटा जिम्मेवारी छन् । त्यसरी नै संस्कृति, पर्यटन तथा नागरिक उड्डयन-३३, कानून, न्याय तथा संसदीय मामिला-३२, वन तथा वातावरण, ऊर्जा, जलस्रोत तथा सिचाई-३०, संघीय ममिला तथा सामान्य प्रशासन-२९, सञ्चार तथा सूचना प्रविधि-२७, कृषि तथा पशुपन्छी विकास-२५, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण-२४, परराष्ट्र-२२, रक्षा-२२, भौतिक पूर्वाधार तथा यातायात-२१, श्रम, रोजगार तथा सामाजिक सुरक्षा-१५, सहरी विकास-१३, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक-१२, युवा तथा खेलकूद-९ तथा खानेपानी मन्त्रालय-६ वटा तोकिएको छ ।

अत्यधिक ५२ देखि मात्र ६ वटा जिम्मेवारी बहन गर्ने गरी मन्त्रालय स्थापना हुनाले कार्यक्षेत्रको मन्त्रालयगत असन्तुलन कति भनिरहनै पर्दैन होला ? त्यसरी नै सबै मन्त्रालय, संवैधानिक आयोग, व्यवस्थापिका र न्यायपालिका तथा ती मातहतका निकायगत संरचनामा पनि कार्यविवरणमा असन्तुलित हुनु तथा जिम्मेवारी र सेवा-सुविधामा आकाश पातालको फरक हुनु कुनै अनौठो मानिँदैन । यसकारण पनि भनिन्छ कतै कामै काम, मामै माम र कतै अरामै अराम र थकाइको पिडैपिडामा समान हैसियतका जनशक्तिमा कतै उत्साह र कतै चरम निराशाको अवस्था पाइन्छ । एकातिर कार्यविवरण र जिम्मेवारी वितरणमा असन्तुलन, अर्कोतिर सेवासमूह र साधनस्रोतको पहुँच हुने र नहुने कर्मचारी वर्गको बीचको गहिरो खाडल नै नेपाली सार्वजनिक सेवाका विशेषता वा पर्याय बनेको पाइन्छ । जसका कारण सरकारी कार्यसम्पादन प्रभावकारी र गुणात्मक हुन सकेको हुँदैन ।

प्रादेशिक सरकारका कार्यक्षेत्र

सात प्रदेश सरकारका संविधान अनुसार एकल अधिकार २१ वटा तथा संघ र कार्यविस्तृतीकरण २०७३ माघ १८ अनुसार संविधानको एकल अधिकारको विस्तृतीकरणबाट ३३३, संघ तथा प्रदेशको साझा अधिकारबाट १२४ र संघ, प्रदेश तथा स्थानीय तहको साझा अधिकारबाट १८ एवम् संविधानका मौलिक हक, निर्देशक सिद्धान्त तथा अन्य धाराबाट २३ र नेपाल सरकारको कार्यविभाजन नियमावलीबाट १० गरी ५०८ वटा मुख्य शीर्षकगत कार्य जिम्मेवारी प्रदेश सरकारलाई तोकिएको छ ।

त्यसै बमोजिम प्रदेश साझा २० प्रतिशत प्रदेश मन्त्री बन्न सक्ने संवैधानिक प्रावधान अनुसार प्रदेश मन्त्रालयहरूको संख्या तथा प्रदेशस्तरमा स्थापना हुने सरकारी कार्यालयहरूको संख्या तथा कार्यजिम्मेवारीको अध्ययन गर्न बाँकी नै छ । यी सबै पक्षको मोटामोटी समीक्षा गर्दा चाहिँ हाराहारी एकहजार कार्यक्षेत्र प्रदेश सरकार तथा तिनका निकायहरूलाई तोकिएको छ । संविधानको पूर्ण कार्यान्वयन र संघीय ऐनकानूनहरूको व्यवस्थाको कार्यान्वयनमा पुग्दा कार्यक्षेत्र र विषय वर्गीकरणको सूची प्राप्त हुँदा प्रदेश संरचना अझ विस्तार हुन पनि सक्छ ।

स्थानीय तह सरकारका जिम्मेवारी

सरकारको हैसियतका ७४३ स्थानीय तहका एकल अधिकार २२ र तीन तहको साझा अधिकारमा १५ विषय क्षेत्र गरी ३७ वटा कार्यक्षेत्र स्पष्ट तोकिएका छन् । कार्यविस्तृतीकरण २०७३ माघ १८ अनुसार संविधानको एकल अधिकारको विस्तृतीकरणबाट १८४, संघ, प्रदेश तथा स्थानीय तहको साझा अधिकारबाट ६१ र संविधानका मौलिक हक, निर्देशक सिद्धान्त तथा अन्य धाराबाट ६९ र नेपाल सरकारको कार्यविभाजन नियमावलीबाट १० गरी २४४ मुख्य शीर्षकगत कार्य जिम्मेवारी स्थानीय पालिकाहरूलाई दिइएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को व्यवस्था गरी वडातर्फ ८८ वटा कार्यजिम्मेवारी निर्धारण गरिएका छन् । सबै पालिकाहरूमा स्थापित न्यायिक समितिबाट सम्पादन हुने २४ प्रकृतिका कार्य छन् । यी सबैलाई ससाना उपशिर्षकमा विभाजित गर्दा झण्डै चार सयको हाराहारीमा स्थानीय तहको कार्यक्षेत्र तोकिएको देखिन्छ । संविधानको पूर्ण कार्यान्वयन र संघीय ऐनकानूनहरूको व्यवस्थाको कार्यान्वयनमा पुग्दा कार्यक्षेत्र र विषय वर्गीकरणको सूची प्राप्त हुँदा स्थानीय पालिका संरचना तथा जिम्मेवारीहरू अझ विस्तार हुन पनि सक्छ ।

सरकारी जनशक्तिका सशक्तीकरण

सर्वप्रथम संघीय सरकारका सबलताको विषयमा प्रवेश गरौं । यसमा देहायका पक्षलाई सबल अभ्यास र कार्य मान्न सकिन्छ, जस्तै: नेपाल सरकारले २०७३ माघ १८ मा जारी गरेको तीन तहका सरकारका कार्यविस्तृतीकरणले संघीय सरकारको कार्यक्षेत्र झण्डै छ सय काम तोकेको छ । नेपाल सरकारको पछिल्लो कार्यविभाजन अनुसार ५७५ मुख्य बुँदा र संविधानका मौलिक हक, निर्देशक सिद्धान्त तथा अन्य धाराबाट ४७ र नेपाल सरकारको कार्यविभाजन नियमावलीबाट १७ समेत धेरै शिर्षक, उपशिर्षकका कार्यविस्तृतीकरण अनुसार अध्ययन गर्दा प्रन्द्रह, सोह सयभन्दा धेरै क्षेत्रका कामका विवरण तयार भएका छन् ।

१) यसैगरी न्यायपालिका, व्यवस्थापिका, संवैधानिक निकाय तथा आयोगहरूबाट सम्पादन गरिने कार्यहरूका शिर्षक, उपशिर्षक तथा विषयगत कार्यक्रमहरूको सूची तथा नेपाल सरकार मातहत एवम् संघीय मन्त्रालय अन्तर्गतका आयोग, समिति, संस्थान, प्रतिष्ठान, आयोजना तथा परियोजनाका कार्यक्षेत्र विषयसूची समेतलाई समष्टि गर्ने हो भने कम्तिमा पच्चीस सयदेखि तीन हजार बढी प्रकृतिका सानादेखि ठूला सार्वजनिक सेवासम्बद्ध कार्यहरू संघीय राज्यतहबाट सम्पादन गरिन्छ ।

२) कार्यविस्तृतीकरण २०७३ अनुसार मुलुकको संविधान तथा विभिन्न ऐनकानूनले गतोकेका वा स्पष्ट नगरेका वा नसमेटिएका अवशिष्ट वा परिशिष्ट अधिकार तथा तत्काल आइपर्ने कार्यहरूको एकमात्र प्रयोगकर्ता सार्वभौमिक नेपाल सरकारको मात्र हुन्छ । तसर्थ संघीय सरकारको कार्यक्षेत्र तथा भार धेरै विशाल हुन्छ ।

३) संघ, प्रदेश, जिल्लास्तर हुँदै स्थानीय तह र तिनका वार्ड तहमा विस्तार भएर जनताका घर घरसम्म सार्वजनिक सेवा, सरकारी सेवा, सहकारी सेवा, सामुदायिक सेवा तथा निजीक्षेत्रका संगठित र असंगठित सेवामा समेत आवश्यक जनशक्ति विकास तथा नागरिकको पेसागत क्षमता र रुचि अनुसारको रोजगारीको सुनिश्चितता गर्नु राज्यको संवैधानिक दायित्व हो सबै स्पष्ट किटान हुनु संवैधानिक प्रतिबद्धता र सबलता हुन् ।

४) नेपाल ऐन संग्रह खण्ड १७, २०७४ कानून किताब व्यवस्था समितिमा ऐनहरूको वर्णानुक्रममा उल्लेखित कूल ३४२ ऐनकानूनहरू नै सबै राजकीय शासन प्रणाली सञ्चालनका अभिन्न अंग हुन् । राज्य प्रणाली संघीय/प्रदेशिक तथा स्थानीय तहमा वर्गीकरण भई ७६१ किसिमका निकायहरूले आ-आफ्ना ऐनकानूनको निर्माण गर्ने परिकल्पना गरिएको छ ।

५) यी सबै सैद्धान्तिक तथा कानुनी पक्षलाई ध्यान दिनु तथा मनन गरिनु राजकीय शासनको मुख्य कर्तव्य हुन्छ । जनशक्ति परिचालन र शासकीय जवाफदेहिताका लागि देहायका जेष्ठक्रमदेखि कनिष्ठसम्म पछिल्लो अवधिका ऐनकानूनहरू, एवम् ती सम्बन्धमा जारी भएका सम्बद्ध तथा भविष्यमा जारी हुने कानूनहरूको एकदेखि दशसम्ममा विषयगत वर्गीकरणमा हेर्न सकिन्छ ।

एक: अर्थिक सुशासन तथा जनशक्ति क्षेत्रसम्बद्ध ऐनकानुन
दुई: राजकीय शासकीय व्यवस्थापकीय सुशासन तथा जनशक्ति सम्बद्ध ऐनकानुन
तीन: शिक्षा तथा सामाजिक न्यायका क्षेत्रसम्बन्धी ऐनकानुन
चार: स्वास्थ्य तथा आरोग्य सम्बन्धी ऐन
पाँच: प्राकृतिक सम्पदा/भूमि व्यवस्थापन/कृषि तथा खाद्य क्षेत्रसम्बन्धी ऐनकानुन
छ : सूचना सञ्चार तथा सामाजिक सिर्जनात्मक क्षेत्रसम्बन्धी ऐनकानुन
सात : पर्यटन प्रवर्धन/विकास निर्माण तथा आधारभूत सेवासुविधा क्षेत्रसम्बन्धी ऐनकानुन
आठ : उद्योग विकास प्रवर्धन सेवासुविधा क्षेत्रसम्बन्धी ऐनकानुन
नौ : यातायात तथा भौतिक पूर्वाधार जनशक्ति क्षेत्रसम्बद्ध ऐनकानुन
दश : न्याय व्यवस्थापन सेवासुविधा क्षेत्रसम्बन्धी ऐनकानुन

सशक्तिकरणमा समस्या, चुनौती

१) नेपालमा भौतिक तथा मानवीय पूर्वाधार विकासका क्षेत्रमा आवश्यक पर्ने दक्ष जनशक्ति सम्बन्धी पर्याप्त काम हुन बाँकी छ । मुलुकका धेरै आयोजना/परियोजनाहरू विदेशी विज्ञ तथा प्राविधिकहरूको नेतृत्वमा चलिरहेका छन् । विदेशबाट आएका विज्ञ तथा प्राविधिकहरू निश्चित समयपछि वा परियोजना समाप्तिपछि स्वत: फर्किन्छन् ।

२) मुलुक सुरुङमार्गी युगमा प्रवेश, यातायात, खानेपानी, सिञ्चाई, विद्युतीकरण तथा विभिन्न विकासका क्षेत्रमा सुरुङ पद्धतिको आधुनिक प्रविधिको अभ्यासबाट अलग रहन, हुन सक्दैन । नवीन विज्ञान तथा प्रविधिको प्रयोगसित आजको विकास र समृद्धि अलग नहुने गरी स्पष्ट जोडिएको छ ।

३) एक दशक अगाडिको निर्णय बमोजिम ल्याइएको रेल दुई वष त्रिपालले ढाकेर राखियो । विकास र समृद्धिका लागि पूर्वाधार विकासमा नेपालको राजनीति, प्रशासन तथा शैक्षिक क्षेत्र एकमत र मनले जूटन सकेको छैन । यसरी समृद्धितर्फ होइन, विपन्नता र गरीबीको आहालमा फस्ने चुनौती नै चुनौतीको सामना गर्नुपर्ने अवस्थामा देश पुगेको छ ।

४) संविधान तथा ऐनकानूनको आधारमा संघ, प्रदेश तथा स्थानीय तहसम्म सक्षम, पेसागत इमानदार, नैतिकवान् जनशक्ति उपलब्धता हुन नसक्नु नै मुख्य समस्या हुन् । संघ, प्रदेश तथा स्थानीय तहलाई जनशक्ति व्यवस्थापनमा समान दृष्टिले नहेरिनु र विभेद हुनु पनि समस्याका मुख्य कारण हुन् । सरकारी संरचना, कार्यक्षेत्र, ती मातहतका संगठनहरू तथा जनशक्तिका बारेमा वैज्ञानिक तथा विस्तृत अध्ययन नहुनु र मनोपरी रूपमा राजनीतिक तथा प्रशासनिक तहबाट संगठन संरचना निर्धारण भई विस्तार र स्थापना हुँदै, गरिँदै जानु पनि सार्वजनिक सेवा प्रवाह तथा खर्च व्यवस्थापनका दृष्टिले समस्या मूलक हुन् ।

५) ७६१ सरकारको अवधारणा लागू भएकेले कानूनको उपयोग तथा प्रयोगमा राजकीय समृद्धि तथा शासकीय सुशासन र पारदर्शिताको विषय अझ धेरै जटिल पनि हुन सक्छ । संघीय/प्रदेश तहका सबै प्रकृतिका न्यायिक, प्रशासकीय तथा व्यवस्थापकीय ऐन कानूनहरूको मुख्य मार्ग निर्देशनमा मुलुकका सबै सेवा प्रवाह सम्बद्ध क्षेत्रगत विषयहरूको पहिचान गरी त्यस अनुरूप राज्य सञ्चालन गर्न सक्ने दक्षतायुक्त मानव संसाधन (जनशक्ति) विकास तथा उत्पादन राज्य तहमा गर्नुपर्ने हुन्छ । नेतृत्वमा यी सबै विषयमा संवेदनशीलता नपाइनु वा कम पाइनु वा उदासिनता हुनु मुख्य समस्या हुन् ।

६) यस्तो अवस्थामा नयाँ नयाँ विज्ञान, प्रविधि र आविष्कार, भूपरिवेष्टिततालाई अन्त्य गर्दै जल, थल र नभ यातायात प्रणालीको माध्यमबाट विश्वमा खुला प्रवेशको दौडमा मुलुक जान सक्ने सीप सक्षमताका प्रतिभाशाली दक्ष जनशक्ति विकास गर्ने नीति र योजना नै बनेको छैन र अन्यौलतामा हुनु नै देशका मुख्य समस्याहरू हुन् । *-साभार: इकागज*

महत्वपूर्ण टेलिफोन नम्बरहरू

मकवानपुर प्रहरी

प्रहरी कन्ट्रोल:	१००
जिल्ला ट्राफिक:	५२०५९९
वडा प्रहरी:	५२०२९९
पशुपतिनगर इलाका:	५२०५९८
पालुङ इलाका:	६२०४६७
मनहरी इलाका:	९८५५०९०१६१
इलाका फापरबारी:	६२१९८०
इलाका भीमफेदी:	६९१४६२
इलाका ठिंगन:	९८४५२९९३८१
चौकीटोल चौकी	९७४२५५९५०१
चित्लाङ चौकी:	६९२०००
चौघडा चौकी	९८४४०५४६०४
नेवारपानी चौकी:	९७५५०००२९९
फाखेल चौकी:	९८४५०३१३९८
पदमपोखरी चौकी:	९८४५०९९७८९

एम्बुलेन्स सेवा

नेपाल रेडक्रस:	५२०७११, ९८५५०२८९५२
हेटौंडा अस्पताल:	५२०३०५
परिवार नियोजन संघ:	५२०७४५,९८४५१०४५००
मनहरी रेडक्रस:	९८४५१०५८२१
छतिवन रेडक्रस:	९८६१६२२३११
भीमफेदी रेडक्रस:	६२०६९९
पालुङ रेडक्रस:	९८१४२०७४०१
बज्रबाराही रेडक्रस:	९८४५३०२९८४
सहकारी अस्पताल:	०४७-५२६८७, ९८४५४१९१९४
बसामाडी एम्बुलेन्स:	९८४५२९७५७९
बाहुण यन्त्र:	१०१
बाल हेल्पलाइन नेपाल:	१०९८
माइती नेपाल:	५२१०५०
अपाङ्ग बाल अस्पताल	९८४५२९६४४५

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

भोलिको पात्रो

भोलि वि.सं. २०७९ असार १६ गते बिहीबार ३० जुन २०२२ । असार शुक्लपक्ष प्रतिपदा । दिल्लाथ्व ११४२ । सूर्योदय: ५:१३, सूर्यास्त: ७:०२ मा हुनेछ ।

आजको राशिफल

मेष	: शत्रु नाश	तुला	: स्थानान्तरण हुनसक्ने
वृष	: परिवारमा कलह	वृश्चिक	: दुस्चिन्ताले पिरोल्ने
मिथुन	: रोग नाश	धनु	: यात्रामा भयले सताउने
कर्कट	: कार्यमा बाधा	मकर	: उपचार खर्च वृद्धि हुने
सिंह	: आकस्मिक लाभ हुने	कुम्भ	: मानसम्मान मिल्ने
कन्या	: अर्थहानि हुने	मीन	: बादविवाद बढ्ने

कसरी सुधार्ने पालिका स्वास्थ्य ?

विशाल बेल्बासे

नेपालले केही दशकयता मातृशिशु स्वास्थ्यमा ल्याएको सुधार विश्वमै उदाहरणीय मानिन्छ । संघीय संरचनासँगै स्वास्थ्य पनि केन्द्र, प्रदेश र स्थानीय तहमा बाँडिँदा यो उपलब्धि गुम्ला कि भन्ने कतिको चिन्ता थियो । नेपालको संविधान, २०७२ ले स्वास्थ्य नीति, मापदण्ड, गुणस्तर र अनुगमन, विशिष्ट सेवा प्रदायक अस्पताल, परम्परागत उपचार सेवा, सरुवा रोग नियन्त्रण आदिलाई संघको मातहत, स्वास्थ्य सेवालाई प्रदेश मातहत तथा आधारभूत स्वास्थ्य र सरसफाइ स्थानीय तहको जिम्मा लगायो । यससँगै कार्यक्रम डिजाइनदेखि त्यसका लागि स्रोत व्यवस्थापनसम्म स्थानीय तहमै हुने भयो ।

स्थानीय सरकारको पहिलो कार्यकाल भर्खरै सकिंदा केही असफलतासँगै महत्त्वपूर्ण उपलब्धि पनि हात लागेका छन् । धेरै पालिकामा प्राथमिक स्वास्थ्य सेवा प्रवाहमा नौला र मौलिक प्रयास भए । विशेष गरी गर्भवती महिलालाई पोषण, आकस्मिक कोष र एम्बुलेन्स लगायतमा सहयोग, ज्येष्ठ नागरिकलाई घर नजिकै सेवा दिन थालियो । स्वयंसेविकालाई कतै थप प्रोत्साहन भत्ता त कतै निश्चित उमेरपछि अवकाश दिने बाटो खोलेर ऊर्जावान् सामुदायिक स्वास्थ्य कार्यकर्ता नियुक्ति गरियो । केही पालिकाले गैरसरकारी क्षेत्रको समन्वयमा विशेष स्वास्थ्य सेवा सञ्चालन गरे । केहीले एक्स-रे, अल्ट्रासाउन्ड जस्ता उपकरण किने, स्वास्थ्यकर्मी वा विज्ञ सहितको नियमित घुम्ती टोली मार्फत स्वास्थ्य सेवालाई जनताको पहुँचमा पुऱ्याए । कोभिड-१९ महामारी व्यवस्थापनमा देशैभरिका पालिकाले महत्त्वपूर्ण भूमिका खेले ।

के हुन सकेन ?

केही सफलताका बावजूद स्थानीय तहको स्वास्थ्य प्रणाली नीतिगत अस्पष्टताले अलमलिनुका साथै क्षमताभन्दा परका अपेक्षाहरूले च्यापिए जस्तो भयो । संघीय संरचनाबाट जस्तो परिवर्तनको आशा गरिएको थियो, भएन ।

पहिलो, एकात्मक व्यवस्थाबाट संघीयतामा जाँदाको संक्रमणकाल अन्योलपूर्ण रह्यो । नयाँ संरचनामा सरकार सञ्चालनको पहिलो अभ्यास, कानून निर्माणमा ढिला-सुस्ती, नीति निर्माण तहमा नयाँ व्यवस्था वा संघीय प्रणालीमा जाँदाका भय जस्ता कारणले लामो समय स्पष्ट योजना विनै बित्यो । कर्मचारी समायोजनमा ढिलाइ हुँदा कार्यक्रम सञ्चालनले गति लिएन ।

अझ पालिका तहका प्रमुख पदमा नयाँ जनस्वास्थ्यकर्मीको दरबन्दी नखोली तहगत आधारमा पदस्थापन गर्दा प्राविधिक हिसाबले कम दक्ष तथा व्यवस्थापकीय तालीम नभएका स्वास्थ्यकर्मी नियुक्ति गरिए । प्रदेश र स्थानीय तहबीच पर्याप्त समन्वय नहुँदा पहिले जस्तो जिल्ला तहबाट सहयोग पाउन मुश्किल भयो । यसबाट सिर्जित व्यावसायिक द्विविधा र द्वन्द्व, कार्यभार सम्हाल्न कठिनाइ जस्ता कारणले स्वास्थ्य कार्यक्रम सञ्चालन जटिल बनायो ।

दोस्रो, अस्पताल भवन बनाउँदा, स्वास्थ्य संस्थामा चिकित्सक नियुक्ति गर्दा वा धेरै मात्रामा औषधि खरीद गर्दा स्वास्थ्य क्षेत्र सुधिने सोच हावी रह्यो । स्थानीय चुनावमा उम्मेदवारी दिएका धेरैले नयाँ बनेका पालिकामा अस्पताल बनाउने लगायत वाचा गरे । त्यसै अनुरूप केही पालिकाले अस्पताल चलाउन भवन र आर्थिक स्रोत जुटाए, चिकित्सक नियुक्त गरे । केन्द्र सरकारले समेत हरेक पालिकामा अस्पताल भवन निर्माणलाई प्राथमिकतामा राख्यो । तर, उपकरण विनाका अस्पताल, आवश्यक टीम विनाका चिकित्सक र नियमित व्यवस्थापकीय प्रक्रिया विनाका स्वास्थ्य सेवा प्रभावकारी बनेनन् ।

तेस्रो, जनस्वास्थ्यको उपेक्षा गरियो । उपचारात्मक सेवामा केन्द्रित स्थानीय नीति निर्माताले उपलब्ध जनस्वास्थ्यका साधनस्रोत र विज्ञतालाई बेवास्ता गरे । निर्माण, शिक्षा आदिमा करारका प्राविधिक धेरै नियुक्ति गरिंदा जनस्वास्थ्यकर्मीको खोजी विरलै गरियो । औषधि तथा स्वास्थ्य सामग्रीको भण्डारण र समुचित उपयोग, बिरामी तथा गर्भावस्था जस्ता विशेष स्वास्थ्य स्थितिमा समुदायमा पुन:स्थापना, कार्यक्रम सञ्चालनका लागि न्यूनतम मापदण्ड आदि लागू हुन सकेनन् । लगभग सबै पालिकाको स्वास्थ्य सेवाको व्यवस्थापन, कार्यक्रम र स्वास्थ्य सूचना प्रणाली ओझेल परे । पालिका स्तरमा स्वास्थ्यमा खर्चिएको बजेट बालुवामा पानी हाले जस्तो भयो । कमजोर व्यवस्थापनको जगमा दलाली र कमिशनतन्त्र ठडियो अनि भ्रष्टाचारले स्वास्थ्यको तल्लो तहसम्म जरो गाड्यो । २०७४ सालमा स्थानीय सरकारले जिम्मेवारी लिएदेखि कोभिड-१९ शुरू हुनु अघिसम्मका तथ्यांक केलाउँदा पालिकाहरूको कार्यसम्पादन मूल्यांकन गर्न सकिन्छ । स्वास्थ्य मन्त्रालयका वार्षिक प्रतिवेदन हेर्दा आव २०७३/७४ मा ७३ प्रतिशत बालबालिकाले पूर्ण खोप पाएकोमा २०७५/७६ मा यो दर ६८ प्रतिशत छ । नियमित रूपमा तौल लिइएका एक वर्षमुनिका बालबालिकाको दर पनि ८५ बाट ८४ प्रतिशतमा झरेको छ । स्वास्थ्य संस्थामा सुत्केरी हुने महिला पनि उल्लेख्य बढेका छैनन् । क्षयरोगका बिरामी निको हुने दरमा कुनै परिवर्तन छैन ।

तर, समग्रमा स्थानीय तहका स्वास्थ्य सूचक संघीयताले अपेक्षा गरेको नतीजा अनुरूप प्रकट हुन सकेका छैनन् । तथापि, समुदायमा स्वास्थ्य गतिविधि आशालाग्दो गरी बढेका छन् । सही व्यवस्थापन र परिचालन भए आधारभूत स्वास्थ्यले फड्को मार्ने सम्भावना छ ।

अब के गर्ने ?

भर्खरै ताजा जनादेश सहित स्थानीय सरकार हाँक्ने जिम्मा पाएकाहरूलाई महामारी क्रममा स्वास्थ्य क्षेत्रलाई दिइएको महत्त्व अनि सोही वेला पालिकाहरूले कमाएको विश्वास उपयोग गर्दै जनतालाई सार्थक परिवर्तन दिलाउने अवसर छ । स्वास्थ्य सेवा प्रवाह प्रभावकारी बनाउन आवश्यक कानून निर्माण, सम्मानजनक तरीकाले कर्मचारी समायोजन जस्ता काममा संघीय, प्रादेशिक तथा स्थानीय तह सबैले समन्वय गर्नु अत्यावश्यक छ । स्थानीय स्तरमा पनि नीति निर्माता र नेतृत्वले निम्न पक्षमा ध्यान दिए सबै जनताले स्वास्थ्य सेवामा महसूस गर्ने गरी परिवर्तन आउन सक्छ ।

-बाँकी ३ पेजमा...

'खेलाडी हौं भन्ने नै बिर्सिसकेका थियौं'

काठमाडौं/ त्रिभुवन आर्मी क्लबका रोहित चौधरीले ज्याभलिन खेल्न थालेको ७ वर्ष भयो । यसबीचमा एउटा अन्तर्राष्ट्रिय (१३औं साग) र तीनवटा राष्ट्रिय प्रतियोगितामा मात्र उनले आफ्नो स्तर परीक्षणको अवसर पाएका छन् । सातवर्षको बीचमा चार वटा प्रतियोगिता खेल्न पाएका उनले आइतबार भएको ४४ औं राष्ट्रिय प्रतियोगिता आयोजना भएपछि मात्रै आफू खेलाडी हुँ भन्ने सम्झिएको बताए ।

१३ औं दक्षिण एशियाली खेलकुद साग खेलेका उनले ३ वर्षपछि प्रतिस्पर्धा गरेको प्रतियोगिता नेपाल एथलेटिक्स संघले गरेको ४४ औं राष्ट्रिय एथलेटिक्स प्रतियोगिता हो । 'अरु खेलको प्रतियोगिता भइरहेको छ । फुटबल क्रिकेट नियमित भइरहेका छन् । ओलम्पिक भइरहेको छ भने हाम्रो खेल चाहिं किन नभएको हो बुझिनँ,' रोहितले प्रश्न गरे, 'खेल नभए पनि खेलाडीले एउटा लक्ष्य राखेर तयारी गरेको हुन्छ । त्यो लक्ष्य परीक्षण गर्न प्रयितोगिता हुँदैन भने खेलेको के अर्थ भयो र ?'

सुनसरी, रामधुनी-१ का २८ वर्षे रोहितले विद्यालयदेखि नै ज्याभलिन फाल्न थालेका हुन् । बाँसको ज्याभलिनबाट खेल्न थालेका उनी २०७१ सालमा नेपाली सेनामा भर्ती भए । आर्मीको आन्तरिक प्रतियोगितामा राम्रो प्रदर्शन गरेपछि त्रिभुवन आर्मी क्लबमा अवसर पाएका रोहितले २०७३ सालमा पूर्वाञ्चलमा आयोजित सातौं राष्ट्रिय खेलकुदमा पहिलो सहभागितामै स्वर्ण जितेका थिए ।

'डाक्टरले बिरामी जाँच्न पाएन भने आफू डाक्टर भएको बिर्सिन्छ, पाइलटले ३/४ वर्षसम्म जहाज उडाउन पाएन भने उसले आफू पाइलट हो भन्ने नै बिर्सिन्छ । मलाई पनि त्यस्तै भएको थियो', ३ वर्षपछि मैदान उत्रिएका उनले भने ।

खेलको राजा भनिने एथलेटिक्स जुनसुकै खेलको प्रारम्भिक चरण हो । एथलेटिक्सका दुई मुख्य विधा ट्र्याक र फिल्ड हुन् । एथलेटिक्स खेलको परम्परागत नाम ट्र्याक एण्ड फिल्ड नै हो । ट्र्याकतर्फ दौड पर्छ भने फिल्डतर्फ 'जम्प' र 'थ्रो' गरी मुख्य दुई विधा हुन्छन् । ट्र्याकतर्फ लामो तथा मध्यम दूरीका दौड प्रतियोगिता भइरहे पछि फिल्डतर्फका प्रतियोगिता आक्कलझुक्कल मात्र हुने गरेको छ । 'हाम्रो फिल्ड इभेन्टलाई सबैले हेपेजस्तो लाग्छ । संघले आयोजना गर्ने राष्ट्रिय च्याम्पियनसिप र राष्ट्रिय खेलकुदमात्र हो हामीले प्रदर्शन देखाउन पाउने,' रोहित भन्छन्, 'यस्तो हुँदा दुःखमात्र होइन डिप्रेसनमै गइन्छ । दुःख गरेर तयारी गरिरहेको हुन्छ, प्रतियोगिता हुँदैन । आफ्नो लगानीको प्रतिफल मिल्ने ठाउँ नपाउँदा खेलप्रति जाँगर हुँदैन । विभागबाहिर भएको भए उहिल्यै खेल छाडिसक्थें ।'

गत वर्ष जापानको टोकियोमा भएको ओलम्पिकमा भारतका निरज चोपडाले ज्याभलिनमा देशका लागि ऐतिहासिक स्वर्ण जिते । निरजले ८७ मिटर थ्रो गरेर स्वर्ण जित्दा रेहितले दशरथ रंगशालामा आइतबार निरजको भन्दा भण्डै २६ मिटर कम ६१.६० मिटर थ्रो गरेर राष्ट्रिय प्रतियोगितामा व्यक्तिगत उत्कृष्ट प्रदर्शनसहित स्वर्ण जिते । भारतीय उपमहाद्वीपका प्रायः खेलाडी उस्तै शारीरिक बनोटका हुन्छन् । खेलाडीमा गरिने लगानी र प्राथमिकताले उसको सफलता निर्धारण हुने कुरा रोहितले पनि बुझेका छन् ।

'पोहोर ओलम्पिकमा निरजले स्वर्ण जितेको हेरिरहँदा मेरो मन पनि हामी किन सबैदौं भन्ने सोच आएको थियो । तर, त्यहाँ र यहाँ आकाशजमिनको फरक छ । हामीले एउटा वास्तविक ज्याभलिनले अभ्यास गर्न पाएका छौंनौं । नियमित अभ्यास भएका छौंनौं, स्तरीय प्रशिक्षण पाएका छौंनौं । विश्वस्तरको एउटा ज्याभलिनको साढे २ लाख रुपैयाँ पर्छ । त्यो हामीजस्ता खेलाडीको पहुँचभन्दा बाहिरको कुरा हो,' रोहित भन्छन् । शटपुटतर्फ राष्ट्रिय कीर्तिमानधारी चन्द्रकला लामगादे नेपाल पुलिसकी खेलाडी हुन् । गर्भवती भएपछि खेल्न छाडेकी उनी १८ महिनाकी छोरीसहित भापामा बस्छिन् । नेपाल पुलिसको खेलकुद क्लबबाट बिदा मिलाएर भापामै नियमित ड्युटी गरिरहेकी चन्द्रकला राष्ट्रिय प्रतियोगिता हुने थाहा पाएपछि बिदा लिएर व्यक्तिगत रुपमा सहभागी हुन काठमाडौं आइन् ।

शटपुट र ज्याभलिनमा स्वर्ण जितेर उनले ४४ औं राष्ट्रिय एथलेटिक्समा नेपाल पुलिसलाई स्वर्णविहीन हुनबाट जोगाइन् । विभागीय टोली पुलिस यस प्रतियोगितामा वागमती प्रदेशसँग पछि रहँदै टिमतर्फ चौथो भयो । छैटौं राष्ट्रिय खेलकुद-२०६८ यताकी नियमित राष्ट्रिय च्याम्पियन चन्द्रकला फिल्ड इभेन्टमा कसैको पनि आकर्षण नभएको गुनासो गर्छिन् ।

'हाम्रो इभेन्ट अरु जस्तो भएन प्रतियोगिताहरू पनि हुँदैन । अलि धेरै प्रतियोगिता भइदिए राम्रो हुने थियो,' उनी भन्छिन्, 'प्रतियोगिता नियमित हुनुपर्छ, राम्रा खेलाडी छनोट गरी नियमित र स्तरीय प्रशिक्षण दिन सकियो भने फिल्ड इभेन्टका खेलाडीले पनि अन्तर्राष्ट्रिय रुपमा राम्रो प्रदर्शन गर्न सक्छन् ।' तीन वर्षदेखि प्रशिक्षणसमेत नगरेकी १८ महिनाकी सुत्केरीले फलामको डल्लो फाल्ने प्रतिस्पर्धामा स्वर्ण जितेर शटपुट र ज्याभलिनमा महिलातर्फको प्रतिस्पर्धात्मक स्तर छुर्लङ्ग पारिन् । चन्द्रकला स्वयम पनि यो कुरा स्वीकार्छिन् ।

'मैले खेल्न थालेको ११ वर्ष भयो । अहिलेसम्म मैले मेरो इभेन्टमा प्रतिस्पर्धा नै देखेको छैन । आफ्नै स्तरको प्रतिस्पर्धी आइदिएको भए मेरो पनि प्रदर्शनमा सुधार हुने थियो जस्तो लाग्छ,' उनी भन्छिन्, 'सुत्केरी भएपछि भापामै ड्युटी गरेर बसेको थिएँ । जित्न सक्छुजस्तो लागेको थिएन । लामो समयसम्म टाढा हुँदा झन कठिन हुन्छ भनेर अनुभवका लागि मात्र आएकी थिएँ ।'

पहिलोपल्ट राष्ट्रिय प्रतियोगिता खेल्दा सहभागी पाँच विधामध्ये चार स्वर्ण र एक रजत जितेर सर्वोत्कृष्ट खेलाडी भएकी जयरानी थारूले पनि प्रतियोगिता कम हुँदा आफ्नो स्तर परीक्षण गर्न समस्या भएको बताइन् ।

२१ वर्षीया जयरानी २०७५ सालमा खेलाडी कोटामार्फत त्रिभुवन आर्मी क्लबमा अनुबन्ध भएकी थिइन् । त्यसयता पहिलोपल्ट प्रतियोगिता खेल्न पाएकी उनले पहिलो सहभागिताकै दुई राष्ट्रिय कीर्तिमान रचिन् । आफ्नो विधामा ठूलो सम्भावना बोकेको खेलाडीका रुपमा उनलाई चित्रित गर्न थालिएको छ । 'एथलेटिक्समा पनि हाम्रो विधाको त प्रतियोगिता नै हुँदैन । प्रशिक्षण भइराखेको हुन्छ तर प्रतियोगिता नहुँदा त्यसको महत्व नहुने रहेछ । यस्ता प्रतियोगिता कमितमा वर्षमा एकपल्ट भइदिएको भए खेलाडीको क्षमता र प्रतिस्पर्धात्मक स्तर बढ्छ जस्तो लाग्छ,' जयरानीले भनेकी छन् ।

नेपाल एथलेटिक्स संघका सचिव आरके विष्टले ट्र्याक इभेन्टलाई प्राथमिकता दिँदा फिल्ड इभेन्टका प्रतियोगिता र खेलाडी उत्पादन कम भएको स्वीकार गरे । 'एथलेटिक्स संघले राष्ट्रिय प्रतियोगितामा यी इभेन्टहरू छुटाएको छैन । तर, अन्य संस्था र निजी क्षेत्रले आयोजना गर्ने प्रतियोगिता ट्र्याक इभेन्टमा मात्र केन्द्रित हुने गरेको छ,' उनी भन्छन्, 'खेलाडी उत्पादनमा पनि हामीले सफलता पाउन सकिरहेका छौंनौं । प्रशिक्षकहरु सफल खेलाडीलाई प्रशिक्षण गराएर बस्ने, खेलाडी उत्पादनमा ध्यान नदिने समस्या छ ।'

प्रशिक्षकहरू राष्ट्रिय खेलकुद परिषद (राखेप)को सट्टा सम्बन्धित खेल संघमातहत ल्याउनुपर्ने उनको माग छ । तर, नयाँ खेलकुद ऐनमै प्रशिक्षकहरू राखेपमातहत रहने व्यवस्था छ ।

आसन्न एसियाली खेलकुदका लागि राखेपले एथलेटिक्सतर्फ तीन पुरुष र २ महिला खेलाडी सहभागी रहने गरी पाँच इभेन्टमात्र समावेश गरेकोमा विष्टले आपत्ति जनाएका छन् । '३५/४० वटा इभेन्ट रहने एथलेटिक्सबाट जम्मा पाँचवटा कोटा दिइएको छ । हामीलाई नियामक निकायले पनि हेपेको महशुस भएको छ,' उनले थपे, 'धेरै मात्र कोटा दिइएकाले प्रदर्शनका आधारमा सम्भावना भएका विधालाई समावेश गरिएको हो । सहभागिताको दायरा बढाइयो भने फिल्ड इभेन्ट पनि समावेश गर्नेछौं ।'

विश्वव्यापी रुपमै सामूहिक खेलको तुलनामा एकल खेलतर्फको आकर्षण कमजोर छ । खेलकुदलाई प्राथमिकतामा नराखेका देशमा त झन् यो समस्या डरलाग्दो रुपमा बढिरहेको छ ।

नेपालमा पनि एथलेटिक्स सरोकार निकायको प्राथमिकतामाट टाढा रहँदा खेलाडीले एउटै प्रतियोगितालाग वर्षौंको प्रतीक्षा गर्नुपर्ने बाध्यताको अन्त्य हुनु पर्ने खेलाडीको माग छ । -साभार: अनलाइनखबर

फिल्ममा असफल परमिता अब अनलाइन व्यवसायमा

काठमाडौं/ कोरोना महामारीपछि फिल्ममा आफूलाई सीमित राखेका कलाकारहरुले वैकल्पिक पेशाको रुपमा विभिन्न व्यवसाय सुरु गरिरहेका छन् ।

यसैक्रममा, बोल्ड अभिनेत्री परमिता राज्यलक्ष्मी राणाले पनि अनलाइन व्यवसायमा हात हालेकी छन् । उनले मंगलबारबाट आफ्नो अनलाइन दोकान खोलेकी हुन् । उनले अनलाइनबाट सामान बिक्री गरिने व्यवसायको नाम 'पाम्स् थ्रिफ्ट' राखेकी छन् ।

उनले इन्स्टाग्राममा एक पेज बनाएर आफ्नो व्यवसायको प्रचार गरिरहेकी छन् । उनले सुरु गरेको अनलाइन पसलमा महिलाले शिरदेखि पाउसम्म लगाउने सम्पूर्ण सामानहरु राखिएको छ । परमिताले 'पाम्स् थ्रिफ्ट'को इन्स्टाग्राम पेजमा चश्मा, हिल्स्, स्पोर्टस् वयेर, पाइन्ट, न्याकलेस, हेयर क्लिप, इयरिङ, स्विमिङ वयेर, विकिनी, ब्रासलेट लगायतको मूल्यसहित तस्विर पोस्ट गरेकी छन् ।

फिल्म 'चपली हाइट २'बाट अभिनेत्रीको रुपमा डेब्यू गरेकी परमिताको फिल्मी करिअर सुखद् छैन । 'रोज', 'चंगा चेट', 'द कर्मा' जस्ता फिल्ममा अभिनय गरे पनि उनका लागि सफलता आकाशको फल झैं बनेको छ । विगत २-३ वर्षयता उनको हातमा फिल्म छैन । कोरोना महामारीको समयमा उनले बलिउड फिल्म 'उचाई'मा एक भारतीय अभिनेत्रीको डमी बनेर अभिनय गरेकी थिइन् ।

कोरोना महामारीभन्दा अगाडि उनले तेलुगू अभिनेता गोपीचन्दसँग फिल्ममा काम गर्न लागेको जानकारी प्राप्त भएको थियो । उनी फिल्मको मुहूर्तमा समेत उपस्थिति भएका थिइन् । तर, त्यो फिल्म मुहूर्तभन्दा अगाडि बढ्न सकेन । परमिताले आफ्नै आवाजमा केही गीत समेत निकालेकी छन् तर कुनैले सफलता पाएका छैनन् । अब उनलाई व्यवसाय कति फाप्ला, त्यो भने हेर्न बाँकी छ ।

-साभार: फिल्मीखबर

आज धान दिवस: २७ अर्बको चामल र १५ अर्बको धान आयात

काठमाडौं/ असार १५ गते हरेक वर्ष आउँछ र जान्छ । सरकारले विसं २०६१ देखि हरेक वर्ष धान दिवस मनाउँदै आएको छ सोही दिनको छेकोमा पारेर ।

मुलुक कृषि प्रधान भएकाले पनि त्यसको महत्व दर्शाउन र धानको सर्वव्यापकता फैलाउनका लागि यो दिवस मनाउने गरिएको हो । हरेक वर्ष धान रोप्ने खेत क्रमशः घट्दै गएको छ । मलिलो र बढी उब्जनी हुने फराकिला फाँटमा आजकल धान होइन, कंक्रिटका जंगल बढ्दै गएको छ ।

खेती गर्नेको आत्मसम्मान समेत बढ्न सकेको छैन । सोही कारण हरेक दिन विदेशिने युवाले पठाउने विप्रेषण खर्चबाटै चामल आयात हुने गरेको छ । भन्सार विभागले हरेक महिना सार्वजनिक गर्ने विवरण हेर्ने हो भने नेपालको परिचयमा समेटिएको 'कृषि प्रधान देश' भन्ने विशेषण पनि अब जिस्क्याएजस्तो हुन थालेको छ । नेपालको कुल ग्राहस्थ उत्पादन (जिडीपी)मा कृषि क्षेत्रको योगदान २७ प्रतिशत बराबर रहेको विवरण केन्द्रीय तथ्यांक विभागले सार्वजनिक गरेको छ । हरेक वर्ष कृषि क्षेत्रको विकासका लागि भनेर गरिएको खर्चसमेत वास्तविक किसानले पाउन नसकेको अवस्था छ ।

सोही अवस्थालाई ध्यानमा राखेर सरकारले आगामी आवको बजेटमा कृषि क्षेत्रलाई प्रमुख प्राथमिकतामा राखेको हो । किसानको आत्मसम्मान बढाउने कार्यक्रमसमेत बजेटमा स्पष्ट व्यवस्था गरिएको छ तर मुलुकलाई कृषिमा आत्मनिर्भर बनाउने विषय केवल नारामै सीमित छ । मुलुकमा कृषि उपजको आयात बढ्दो देखिएको छ । खाद्यान्न आयातमा मुलुकको अर्बौं रकम बाहिरिरहेको तथ्यांक सार्वजनिक भएको छ ।

भन्सार विभागले सार्वजनिक गरेको विवरणअनुसार मुलुकबाट जेठ मसान्तसम्म प्रमुख खाद्यान आयातमा अर्बौं रकम बाहिरिएको छ । विभागका अनुसार चालु आर्थिक वर्षको जेठ मसान्तसम्म २७ अर्ब १२ करोड एक लाख २३ हजार मूल्य बराबरको ४९ करोड ३० लाख ८१ हजार ८०३ केजी चामल आयात भएको छ । त्यसबाट सरकारले दुई अर्ब ५४ करोड ९२ लाख ८२ हजार बराबरको राजस्व संकलन गरेको छ । भारतबाट मात्रै २६ अर्ब ९३ करोड २९ लाख १० हजार मूल्य बराबरमा ४९ करोड छ लाख ८६ हजार ९३५ केजी चामल आयात भएको छ ।

त्यसै मुकुमा १५ अर्बभन्दा बढीको धान आयात भएको छ । विभागका अनुसार चालु आवको पहिलो ११ महिनामा १५ अर्ब ९२ करोड ११ लाख ७७ हजार मूल्य बराबरको ५४ करोड दुई हजार १८० केजी धान आयात भएको छ । त्यसबाट सरकारले ७९ करोड ८० लाख ८७ हजार बराबरको राजस्व संकलन गरेको छ । त्यस्तै धानको बीउमात्रै ८७ करोड पाँच लाख ७२ हजार बराबरको कूल ५१ लाख १५ हजार ३० केजी आयात भएको छ ।

सोह अर्बको मकै आयात

विभागले सार्वजनिक गरेको विवरणमा मकैको आयातमा समेत अर्बौं रकम बाहिरिएको देखिन्छ । नेपालको हावापानी अनुकूल रहने मकैखेती व्यावसायिक बन्न नसक्दा यस्ता खाद्यान्नमा अर्बौं रकम विदेशिने गरेको हो । विभागको विवरणअनुसार चालु आवको जेठ मसान्तसम्म १६ अर्ब बढीको मकै आयात भएको देखिन्छ । कूल ४७ करोड ५७ लाख ७३ हजार ११३ केजी मकै सो अवधिमा नेपाल भित्रिएको छ । त्यसको लागत मूल्यमात्रै १६ अर्ब ७५ करोड ३९ लाख ६२ हजार बराबर रहेको छ । यसैगरी सोही अवधिमा एक करोड ४९ लाख ७३ हजार १९६ केजी मकैको बीउ आयात भएको छ । त्यसको लागत मूल्य एक अर्ब आठ करोड १० लाख २५ हजार बराबर छ । मकै तथा यसको बीउको आयातबाट सरकारले ९३ करोड ३० लाख २२ हजार बराबरको राजस्व संकलन गरेको छ ।

पाँच वर्षको गहुँ आयात

विभागको विवरणनुसार गहुँको आयात पनि उस्तै छ । एघार महिनाको अवधिमा मात्रै पाँच अर्ब ६३ करोड नौ लाख ४५ हजार बराबरको १७ करोड पाँच लाख १७ हजार ९७३ केजी गहुँ आयात भएको छ । त्यस्तै कोदोको बीउ ११ लाख ४४ हजार ४४२ केजी तीन करोड ८२ लाख ६६ हजार मूल्य बराबरको आयात भएको छ । यस अवधिमा एक करोड ७९ लाख २५ हजार ६०९ केजी बराबरको जौ एक अर्ब २१ करोड ८६ लाख ४८ हजार मूल्य बराबरमा आयात भएको छ । त्यस्तै तीन करोड ८२ लाख ६६ हजार मूल्यमा ११ लाख ४४ हजार ५४२ केजी केहो आयात भएको छ । विभागका अनुसार यस अवधिमा १८ लाख २७ हजार मूल्यमा २७ हजार १२९ केजी फापर आयात भएको छ । -साभार: रातोपाटी

कसरी सुधार्ने...

पहिलो सामुदायिक स्वास्थ्य कार्यक्रममा लगानी गर्ने । स्वास्थ्य सेवा अस्पतालमा मात्र सीमित हुँदैन । विशेषतः प्रवर्द्धनात्मक, प्रतिरोधात्मक र आधारभूत उपचारात्मक सेवा पनि समेट्दा बल्ल स्वास्थ्य सेवा पूर्ण हुन्छ । कुन औषधि खानुपर्छ भन्ने थाहा भए पनि भ्रुकिकने, कहिलेसम्म खानुपर्छ भन्ने जानकारी नहुने, कुन रोगमा के खान हुन्छ वा हुँदैन भन्ने जस्ता कुरा थाहा नहुँदा धेरै स्वास्थ्यकर्मीले अनुमानका भरमा उपचार गरिरहेका हुन्छन् ।

त्यसै गरी गर्भवती, दीर्घरोगी तथा बालबालिकालाई नियमित रूपमा भेट्ने, सामान्य जाँच गर्ने र आवश्यक परामर्श दिने कार्यक्रम बनाउन सकिन्छ । यसमा दशकौंदेखि औषधि तथा भिटामिन 'ए' वितरण र मातृशिशु स्वास्थ्यका क्षेत्रमा सेवा प्रदान गर्दै आएका स्वास्थ्य स्वयंसेविका सहयोगी हुन सक्छन् ।

अहिलेका जटिल स्वास्थ्य समस्यासँग जुझ्न उनीहरूले दिने सेवा अझ प्रभावकारी बनाउँदै जनताका घरघर पुग्ने व्यवस्था गर्न स्वास्थ्य स्वयंसेविका कार्यक्रमलाई समयानुकूल व्यावसायिक बनाउनुपर्छ । लेखपढ गर्न नजान्ने र खट्न नसक्ने उमेरकालाई बिदाइ गर्नुपर्छ । तर, विना तलब कसैलाई खटाउन हुँदैन । बरु शिक्षाको निश्चित मापदण्ड बनाउने, त्यस अनुसारका स्वयंसेविका नभेटिए नयाँ सामुदायिक स्वास्थ्य कार्यकर्ता स्थानीय स्तरमै नियुक्ति गरिनुपर्छ । उनीहरूलाई स्थानीय तहबाटै तलब दिई परिचालन गर्न सकिन्छ ।

दोस्रो, जनस्वास्थ्यमा लगानी गर्ने । स्थानीय सरकारले हरेक घर धुरीमा पुगी बालबच्चा, ज्येष्ठ नागरिक, गर्भवती आदिको स्वास्थ्य सूचना संकलन गर्न सक्छन् । यसबाट हरेक नागरिकले सेवा पाए/नपाएको सुनिश्चय गर्न मिल्छ । जस्तो- कुनै बालबालिका खोपमा छुटे कारण पत्ता लगाई सहजीकरण गर्न सकिन्छ । तब केन्द्रको अनुमानका आधारमा नभई वास्तव जनसंख्याकै आधारमा स्वास्थ्य सेवा वितरणको परिपाटी बसाइन सकिन्छ ।

तेस्रो, नयाँ सेवा थनेभन्दा आधारभूत उपचारात्मक सेवालाई भरपर्दो, नियमित र गुणस्तरीय बनाउनुपर्छ । स्वास्थ्य संस्थाको भवन निर्माण वा उपकरण खरीदमा मात्र केन्द्रित नभई थालिएका स्वास्थ्य सेवा कसरी प्रभावकारी, दिगो र गुणस्तरीय बनाउन सकिन्छ भन्नेमा जोड दिनुपर्छ ।

त्यसका लागि भाषा वा भूगोलका आधारमा पायक पर्ने केही पालिका मिलेर एउटा 'क्लस्टर' बनाई सुविधासम्पन्न अस्पताल बनाउने, नियमित औषधि खरीद, मौज्दातका लागि प्रक्रियासँगै स्रोत परिचालन गर्ने, उपकरण सञ्चालन र मर्मत गर्ने, दक्ष जनशक्ति नियुक्ति गर्ने र सेवा टिकाउ बनाउन व्यवस्थापनमा लगानी गर्न आवश्यक छ ।

फिनल्यान्ड जस्ता देशमा केही नजिकका नगरपालिका मिलेर सुविधासम्पन्न अस्पताल चलाउने गरिएको उदाहरण छ । हामीकहाँ पनि सस्तो प्रतिस्पर्धाभन्दा दिगो साझेदारी मार्फत स्वास्थ्य सेवा प्रभावकारी बनाउन सकिन्छ ।

चौथो, सरकारी, गैरसरकारी र निजी स्वास्थ्य सेवाको सूचीकरणसहित समष्टिगत प्रेषण प्रणाली बनाउन आवश्यक छ । उक्त प्रणाली केन्द्रीय दृष्टिकोणले प्रेरित नभई हरेक गाउँबस्तीका बासिन्दाले प्रयोग गर्न मिल्ने हुनुपर्छ ।

हरेक नागरिकले स्थानीय स्वास्थ्यचौकी वा नजिकको विशिष्टीकृत अस्पतालसम्म कुन सेवा कसरी लिने, त्यो सबैको जानकारी सहजै पाउने प्रणाली विकास गरिनुपर्छ । -साभार: हिमालखबर

सडकमा खानेकुरा बेच्न निषेध

काठमाडौं/ काठमाडौं महानगरपालिकले भंगलबारदेखि सडकमा खानेकुरा बेच्न निषेध गरेको छ । हैजा नियन्त्रणका लागि भन्दै महानगरपालिकाले उक्त कदम चालेको जनाएको छ ।

पछिल्लो समय काठमाडौं उपत्यकामा हैजाका बिरामी बढ्दै गएकाले कामपाले पानी प्रयोग हुने खाद्य सामग्री बिक्री वितरणमा रोक लागएको हो । आदेशको अवज्ञा गरे जरिवानासहित थप कारबाही गर्ने कामपाले चेतावनी दिएको छ ।

होटल रेष्टुराँको खाद्य स्वच्छता हेर्न खाद्य प्रविधि तथा गुणनियन्त्रण विभागलाई अनुरोध गरेको महानगरका स्वास्थ्य विभागका प्रमुख बलराम त्रिपाठीले जानकारी दिए । पानीको पाइपलाइन तथा ढल प्रणालीको अवस्था हेर्न तथा सुधार गर्न काठमाडौं उपत्यका खानेपानी लिमिटेडलाई अनुरोध गरिएको उनले बताए ।

सहरी स्वास्थ्य क्लिनिक र सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रलाई जीवनजल, पानी शुद्ध गर्ने औषधिको अभाव नहुने गरी तयारी अवस्थामा राखेको र बिरामीलाई अस्पताल लैजानु परे नेपाल एम्बुलेन्स सेवाको सुविधा लिन सक्ने गरी प्रबन्ध मिलाइएको त्रिपाठीले बताए । नागरिकको सहजताका लागि कामपाले २४सै घण्टा ११८० हटलाइन टेलिफोन सोमबारदेखि सञ्चालनमा ल्याएको छ । -साभार: नेपाललाईभ

वैदेशिक रोजगारीमा ठगिएका परिवारलाई क्षतिपूर्ति

हेटौंडा/ मकवानपुरबाट वैदेशिक रोजगारीमा जाने क्रममा विभिन्न कारणले ठगिएर दुःख पाएका परिवारलाई हेटौंडाको एक संस्थाको सहयोगमा दुई करोड ५२ लाख ५७ हजार सम्बन्धित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराइएको छ ।

हेल्भिटास नेपालको सहकार्यमा मकवानपुरको हेटौंडामा रहेको सुरक्षित आप्रवासन स्रोत केन्द्रको सहयोगमा सो रकम उपलब्ध गराइएको हो । वैदेशिक रोजगारमा जाने क्रममा निधन भएका र ठगी तथा विदेशी रोजगारदाता कम्पनीसँग असुलउपर गर्न बाँकी रहेको सो रकम सम्बन्धित परिवारलाई भुक्तानी गरिएको हो । हेल्भिटास नेपालको सुरक्षित आप्रवासन सामी परियोजना कार्यक्रमका संयोजक अन्जिता थापामगरका अनुसार लामो समयको पहलपछि सो केन्द्रको सहयोगमा क्षतिपूर्ति उपलब्ध गराइएको हो ।

केन्द्रमा ठगीका ५०, उद्धारका २५ तथा मृत्युका २८ मुद्दा दर्ता भएका थिए । एकीकृत ग्रामीण विकास सेवा संस्थाको साझेदारीमा उक्त परियोजना स्थानीय तहमार्फत सञ्चालन हुँदै आएको छ ।

हार्दिक समवेदना

जन्म : २००७/३/४
स्वर्गारोहण : २०७९/३/३

अटो मेकानिक्स क्षेत्रमा सिद्धहस्त रहँदै यस टोलकै नाम चम्काउने चर्चित व्यक्तित्व स्व. शंखनारायण डंगोल 'कान्छा मिस्त्री'का पत्नी **सूर्यमाया डंगोल**को निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

टी.सी.एन. रोड टोलबासी, परिवार
हेटौंडा-१०

आकर्षक घडेरी बिक्रिमा

हेटौंडा उपमहानगरपालिका-१२ हात्तिगौडा, रमेशचोकमा १० धुरको आकर्षक घडेरी बिक्रीमा छ । पानी, विजुली र राम्रो बाटो पुगेको मुख्य चोकमा अवस्थित घडेरी किन्न इच्छुकले तुरुन्त सम्पर्क गर्नुहोस् ।
सम्पर्क: ९८४५०७१०६५, ९८४५२९०३९१

रूट परमिट हराएको सूचना

मेरो निम्न व्यहोराको रुट परमिट मिति २०७९ असार ९ गते हेटौंडा बजारदेखि नवलपुर जाने क्रममा हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न फोन नम्बरमा सम्पर्क गरी बुझाइदिनु हुन अनुरोध गरिन्छ ।
नाम: नवराज घिमिरे
अटो नम्बर: ना १ ह ८८९६
सम्पर्क फोन: ९८४५६१९०२३

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

'प्रतिष्ठान र हेटौंडा अस्पताल सँगसँगै अघि बढ्छु'

साझाकुरा संवाददाता

हेटौंडा, १४ असार/ मकवानपुरमा स्थापना भइरहेको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको आफ्नै छुट्टै अस्पताल निर्माण नभएसम्म हेटौंडा अस्पताल प्रतिष्ठान मातहत नै रहने बताइएको छ ।

मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान हेटौंडाको दोस्रो वार्षिक उत्सव कार्यक्रममा बोल्दै बागमती प्रदेशका पूर्व मुख्यमन्त्री डोरमणी पौडेलले प्रतिष्ठानमा अध्ययनरत विद्यार्थीहरुको प्रयोगात्मक अभ्यास गर्ने अस्पताल हेटौंडा अस्पताल नै रहेको बताए । उनले प्रतिष्ठानको छुट्टै अस्पताल निर्माण हुने जानकारी गराउदै उक्त अस्पताल निर्माण सम्पन्न नभएसम्म हेटौंडा अस्पताल प्रतिष्ठान मातहत नै रहने ठोकुवा गरे । बागमती प्रदेशमा नयाँ सरकार गठनसँगै हेटौंडा अस्पताल र प्रतिष्ठानलाई अलग अलग बनाउने चर्चा चलिरहदा सत्तारुढ नेपाली कांग्रेस संसदीय दलका नेता तथा नेपाली कांग्रेस बागमती प्रदेश सभापति इन्द्रबहादुर बानियाँले हेटौंडा अस्पताल प्रतिष्ठानको अभ्यासस्थलको रुपमा रहने बताए । उनले प्रतिष्ठानको छुट्टै अस्पताल नबनेसम्म हेटौंडा अस्पताल र प्रतिष्ठान सँगसँगै अघि बढ्ने बताए ।

बागमती प्रदेशको स्वास्थ्यमन्त्री निमा लामाले प्रदेशमा एक विद्यालय एक नर्स कार्यक्रम अत्यन्तै प्रभावकारी रहेको बताए । उनले कोरोना महामारीमा विद्यालय नर्स र स्वास्थ्यकर्मीहरुले खेलेको भूमिकाको प्रशंसा गरे । मन्त्री लामाले मन्त्रालयले प्रदेशको गौरवको रुपमा रहेको हेटौंडा अस्पताल र प्रतिष्ठानलाई विशेष प्राथमिकताको साथ बजेट विनियोजन गर्नुको साथै स्तरोन्नतिको पहल गरिरहेको बताए ।

प्रतिष्ठानका उपकुलपती प्रा.डा विश्वराज जोशीको सभाध्यक्षतामा भएको कार्यक्रममा प्रतिष्ठानका रजिष्टार राजेश प्रसाईले प्रतिष्ठान स्थापनादेखी हालसम्म भए गरेका प्रगति विवरणको संक्षिप्त प्रस्तुतीकरण गरेका थिए । कार्यक्रममा प्रतष्ठानका शिक्षाध्यक्ष प्रा.डा.सतिश कुमार देव, प्रतिष्ठानका संयोजक चिरञ्जिवी चुडाँललगायतले मन्तव्य व्यक्त गरेका थिए ।

कांग्रेस संसदीय दल र बानियाँद्वारा मिर्गौला रोगीलाई एक लाख सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, १४ असार/ नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलले मिर्गौला रोगी कांग्रेस नेता रामकृष्ण प्रजालाई एक लाख रूपैयाँ सहयोग गरेका छन् ।

दुबै मिर्गौला फेल भएर उपचार गराइरहेका पूर्व जिल्ला सदस्य प्रजाको उपचारका लागि संसदीय दल र दलका नेता इन्द्रबहादुर बानियाँले आर्थिक सहयोग गरेका हुन् । उपचारको लागि सहयोगस्वरुप दलबाट ५० हजार र नेता बानियाँले गरेको ५० हजार गरी एक लाख रूपैयाँ सहयोग प्रजाको घरमा पुगेर हस्तान्तरण गरेका छन् ।

कांग्रेस बागमती प्रदेश सभापति एवं दलका नेता बानियाँले रकम हस्तान्तरण गरेका हुन् । नेता बानियाँले प्रजाको स्वास्थ्य अवस्था र थप उपचारबारे जानकारी लिदै आवश्यक सहयोगको प्रतिबद्धता व्यक्त गरे ।

कार्यक्रममा भौतिक पूर्वाधार विकास राज्यमन्त्री सन्तबहादुर चेपाङ, प्रदेशसभा सदस्य पुकार महर्जन, कांग्रेस मकवानपुर सभापति बुद्ध लामा, मनहरी गाउँपालिका सभापति प्रकाश वर्तौला, जिल्ला समन्वय समिति मकवानपुरका उपप्रमुख सानु काजी लुइँटेललगायतको उपस्थिति रहेको थियो ।

मकवानपुरको सबै स्थानीय तहलाई विपद् व्यवस्थापन सम्बन्धी तालिम

साझाकुरा संवाददाता

हेटौंडा, १४ असार/ शसस्त्र प्रहरी बलले मकवानपुरको १० वटै स्थानीय तहलाई विपद् व्यवस्थापन सम्बन्धी तालिम दिएको छ ।

देशैभरी मनसुन सक्रिय भएसँगै विपदजन्य घटनाको जोखिम पनि बढेकोले स्थानीय तहहरुलाई विपद् व्यवस्थापनसम्बन्धी तालिम दिएको जनाइएको छ । सशस्त्र प्रहरी बल नेपाल नं.१४ गण हेडक्वाटर मकवानपुरको आयोजनामा स्थानीय तहमा विपद् व्यवस्थापनको लागि ज्ञान र सीपयुक्त स्वयंसेवक उत्पादन गरी विपद्बाट हुन सक्ने क्षतिलाई न्यूनीकरण गर्न तालिम दिइएको हो । शसस्त्र प्रहरीले बागमती प्रदेशको आन्तरिक मामिला तथा कानून मन्त्रालय र जिल्ला विदप् व्यवस्थापन समितिको समन्वयमा तालिम दिएको जनाएको छ ।

असार ५ गते मकवानपुरको मनहरी गाउँपालिकादेखी सुरु भएको तालिम अन्तिममा मंगलवारबाट हेटौंडा उपमहानगरपालिकामा सुरु भएको छ । हेटौंडा उपमहानगरपालिकालाई मंगलबार र बुधबार दुई दिन तालिम दिने जनाइएको छ । तालिममा चट्याङ, भुकम्प, आगो, बाढी र पहिरोजस्ता विपद्सम्बन्धी जानकारी गराउनुको साथै उद्धारको बारेमा व्यावहारिक अभ्यास पनि गरेर देखाइने जनाइएको छ ।

विपद्को समयमा आवश्यक पर्ने स्रोतसाधननको विषयमा पनि शसस्त्र प्रहरीले जानकारी गराइएको थियो । कार्यक्रमको उद्घाटन असार ५ गते प्रदेशको आन्तरिक मामिला तथा कानून मन्त्री कृष्ण प्रसाद शर्मा खनालले गरेका थिए । मंगलवारको अन्तिम तालिमको उद्घाटन हेटौंडा उपमहानगरपालिकाका उपमेयर राजेश बानियाँले गरेका थिए ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डे, शसस्त्र प्रहरी बल नेपाल नं.१४ गणका प्रहरी उपरिक्षक नेत्र बहादुर कार्की, जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी निरीक्षक सुरेन्द्र बहादुर गुरुङ, आन्तरिक मामिला तथा कानुन मन्त्रालयको विपद् व्यवस्थापन शाखाका प्रमुख सुरेन्द्र कार्की र शसस्त्र प्रहरी बल नेपाल नं.१४ गणका प्रहरी नायव उपरीक्षक अमर खत्रीको उपस्थिति रहेको थियो ।

वृत्ति विकास सुनिश्चित गर्न माग गर्दै मुख्यमन्त्रीलाई ध्यानाकर्षणपत्र

साझाकुरा संवाददाता

हेटौंडा, १४ असार/ बागमती प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयका कर्मचारीहरुले वृत्ति विकास सुनिश्चित गर्न माग गरेका छन् ।

मन्त्रालयका कर्मचारीहरुले मंगलबार संघीय सरकारसँग वृत्ति विकास सुनिश्चित गर्न माग गर्दै मुख्यमन्त्री राजेन्द्र पाण्डेमार्फत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई ध्यानाकर्षण पत्र बुझाएका हुन् ।

उनीहरुले कर्मचारीहरुले स्थानीय पूर्वाधार विभाग खारेज भई अन्य संघीय मन्त्रालयमा व्यवस्थापन गर्दा नेपाल इन्जिनियरिङ सेवा, सिभिल समूह, जनरल उपसमूह नै राख्नुपर्ने माग राखेका छन् ।

उनीहरुले संघीय सरकार अन्तर्गत जनरल उपसमूहमा रहेका हालको मौजुदा दरबन्दी यथावत राख्नुपर्ने, संघीय सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट नै विगतमा नेपाल इन्जिनियरिङ सेवा, सिभिल समूह, जनरल उपसमूह समेतको सेवा सञ्चालन गर्ने मन्त्रालय रहेको हुँदा हाल व्यवस्थापन गर्दा संहिं मन्त्रालय अन्तर्गत जनरल उपसमूहको छुट्टै विभाग हुनुपर्ने, प्रदेश तथा स्थानीय तहमा समायोजन भएका जनरल उपसमूहका कर्मचारीहरुको वृत्ति विकास सुनिश्चित गरी सेवा, सर्त संरक्षण हुनुपर्ने माग राखेका छन् । बागमती प्रदेशका यातायात पूर्वाधार निर्देशनालयका निर्देशक सहदेव बहादुर भण्डारी, प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्रालयका सीडिई नविन कुमार सिंह, मन्त्रालयका इन्जिनियरहरु हरि प्रसाद ओझा, सुजन भण्डारी, ज्यानेन्द्र प्रसाद पुन, किरण रञ्जित र सवइन्जिनियर केबल प्रसाद चौधरी रहेका छन् ।

एकजनामा कोरोना पुष्टि

साझाकुरा संवाददाता

हेटौंडा, १४ असार/ हेटौंडामा एक जनामा कोरोना संक्रमण पुष्टि भएको छ ।

मंगलबार हेटौंडाको दुई जनाको पीसीआर विधिबाट परीक्षण गर्दा एक जनामा कोरोना संक्रमण पुष्टि भएको हो ।

कोरोना संक्रमित होम आइसोलेसनमा बसेको स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ ।

बागमती प्रदेशको बजेटमाथिको छलफल आज पनि जारी

साझाकुरा संवाददाता

हेटौंडा, १४ असार/ बागमती प्रदेशको प्रदेशसभा बैठकमा प्रदेश सरकारले आगामी आर्थिक वर्षको लागि ल्याएको बजेटमाथिको छलफल जारी छ ।

सोमबारबाट सुरु भएको बजेटमाथिको छलफल आज बुधबार पनि हुने जनाइएको छ । आज बिहान ११ बजे प्रदेशको बैठक बोलाइएको छ । मंगलबार बसेको बैठकमा ५ वटा विषयगत मन्त्रालय र ४ वटा प्रदेश सरकार मातहतका कार्यालयहरुको बजेटमाथी छलफल भएको थियो ।

बैठकमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, सामाजिक विकास मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेशसभा सचिवालय, प्रदेश लोक सेवा आयोग, प्रदेश नीति तथा योजना आयोग, मुख्यन्यायाधिवक्ताको कार्यालयका विभिन्न शिर्षकहरुमा छलफल भएको थियो । छलफलमा सत्तापक्ष, प्रमुख प्रतिपक्ष र प्रतिपक्ष दलका २६ जना प्रदेशसभा सदस्यहरुले आ-आफ्नो धारणा राखेका थिए । बैठकमा सत्तापक्षका सांसद्हरुले विगतको तुलनामा वर्तमान सरकारले राम्रा र उपलब्धिमुलक योजनाहरु ल्याएको बताएका थिए ।

उनीहरुले विगत संढि ३ वर्षसम्म सरकारको नेतृत्व गरेर ४ वटा बजेट ल्याउने सरकारका मन्त्री र सांसद्हरुले वर्तमान सरकारको आलोचना गर्नु अर्थहिन हुने बताए । उनीहरुले विगतका सरकारले गर्न नसकेका कामहरु वर्तमान सरकारले गर्ने प्रयत्न गरेको बताए । यस्तै, प्रमुख प्रतिपक्ष दल नेकपा एमालेका सांसद्हरुले बजेटमा असमान वितरण गरेर जनतालाई अहित हुने काम गरीरहेको आरोप लगाए । उनीहरुले सरकारले जनताको हितमा भन्दा पनि पार्टी कार्यकर्ता र चुनावमुखी बजेट ल्याएको आरोप लगाए । सरकारले ल्याएको बडा-बडामा समाजवाद भन्ने कार्यक्रम पनि औचित्यहिन भएको उनीहरुको भनाई छ । सरकारले मन्त्रालयहरुमा समेत विभेद गरेर लाभान्वित हुने नागरिकको तथ्यांक नै नहेरी कुनै मन्त्रालय २४ करोड रुपैयाँ मात्र र कुनै मन्त्रालयलाई २४ अर्ब रुपैयाँसम्मको बजेट वितरण गरेको भन्दै आपत्ति जनाएका थिए ।

बासुदेव बहुउद्देश्यीय भवन निर्माणको काम अघि नबढाउन राप्रपाको चेतावनी

साझाकुरा संवाददाता

हेटौंडा, १४ असार/ राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) मकवानपुरले भ्युटावरसहितको बासुदेव बहुउद्देश्यीय भवन निर्माणको काम अघि नबढाउन चेतावनी दिएको छ ।

बंगलबार हेटौंडामा पत्रकार सम्मेलन गर्दै राप्रपाले हेटौंडा उपमहानगरपालिकालाई हुप्राचौरमा निर्माणाधीन बासुदेव बहुउद्देश्यीय भवन निर्माणको काम अघि नबढाउन चेतावनी दिएको हो ।

बागमती प्रदेश सचिव गुञ्जनबहादुर न्यौपानेले हुप्राचौर मात्दै बहुउद्देश्यीय भवन बनाउन नहुने बताए । हेटौंडा बजार क्षेत्रमा बढ्दो शहरी करणले खुला ठाउँ नभएको भन्दै उनले खुला हुप्राचौर मास्न नहुने बताए । उनले हुप्राचौरमा बन्ने लागेको बहुउद्देश्यीय भवन हेटौंडा अस्पतालको परिसरमा निर्माण स्थानान्तरण गर्न र उक्त भवन हेटौंडा अस्पताललाई हस्तान्तरण गर्न माग गरे । उनले हुप्राचौरमा स्व. श्री ५ महाराजधिराज बिरेन्द्र वीर बिक्रम शाहदेवको शालिकको मर्मत सम्भार गरी बाटिका व्यवस्थापन गर्दै सर्वसाधरणको लाग सहज हुनेगरी खुला गरिनुपर्ने बताए ।

राप्रपाले हेटौंडा अस्पतालाई सम्पूर्ण विशेषज्ञसहित ५०० शैयाको अस्पताल निर्माण तथा संचालन गर्न आवश्यक पूर्वाधार तथा अन्य सहयोग उपलब्ध गराउन र महिलाहरुको स्तन तथा पाठेघर र पुरुषहरुमा देखिने फोक्सोलगायतका क्यान्सरहरुको नि:शुल्क उपचार गर्नुपर्ने माग गरेको छ । माग्हरु सम्बोधन नभए शसक्त आन्दोलन र विरोधको कार्यक्रमहरु सार्वजनिक गरी संघर्षमा उत्रिन बाध्य हुने समेत राप्रपा मकवानपुरले जनाएको छ ।

हार्दिक समवेदना

स्व. इन्दिरा गुरुङ

नेपालको पहिलो महिला ठेक्सटाइल इन्जिनियर तथा यस महिला उद्यमी विकास समितिकी संस्थापक सभापति **इन्दिरा गुरुङ**को निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

अंकिता सुमार्गी (सभापति) एवम्
महिला उद्यमी विकास समिति
मकवानपुर उद्योग वाणिज्य संघ

६ चक्के/१० चक्के ट्रिपर, ट्रक, बस फाईनान्स सुविधासहित बिक्रीमा
सम्पर्क: ९८०२३११५४८/९८०२३११५७९

पार्टी गर्दै हुनुहुन्छ ?
शुभ-विवाह, ब्रतबन्ध, हरेक प्रकारका पार्टी, सभा, सेमिनार तथा गोष्ठीका लागि हामीलाई सदैव सम्झनुहोस् ।
जय गणेश पार्टी प्यालेस प्रा.लि.
हेटौंडा उपमहानगरपालिका-५, अब्बलडाँडा
सानोपोखरा, मकवानपुर
९८५५०२७५१२ (अनिष वाग्ले)

बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था कार्यालय, हेटौंडा

यातायात व्यवस्था कार्यालय, हेटौंडाको सूचना

- करदाताले आफ्नो नाममा दर्ता भएको सवारी साधनको कर प्रत्येक आर्थिक वर्षको चैत्र मसान्त वा दर्ता नवीकरण गर्ने म्याद जुन अघि हुन्छ सो म्यादभित्र बुझाईसक्नु पर्नेछ ।
- समयमा कर तिरौं, जरिवानाबाट बचौं ।
- सवारी चालक अनुमतिपत्रको नयाँ Online Form खुलेकाले यस अघि Form भरेकाहरुको Form खारेज भएको हुँदा नयाँ Online Form भर्नु हुन अनुरोध छ साथै Form भर्दा आफ्नो शुद्ध र स्पष्ट विवरण भर्नु होला कुनै त्रुटी भएमा यस कार्यालयबाट सच्याउन नमिल्ने जानकारी गराइन्छ ।
- सवारी चालक अनुमतिपत्र नवीकरण गर्दा यस प्रदेशबाट जारी भएको हुनुपर्नेछ वा यस प्रदेशभित्र स्थायी बसोबास गरेको प्रमाण खुल्ने कागज पेश गर्नुपर्नेछ ।
- अन्यत्र कार्यालयबाट जारी भएको सवारी चालक अनुमतिपत्र नवीकरण गर्नको लागि सो को अभिलेख Online मा देखिएको हुनुपर्नेछ ।
- सवारी चालक अनुमतिपत्र तथा सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपी सो जारी भएको कार्यालयबाट मात्र जारी हुने भएकाले दर्ता भएको कार्यालयमा नै जानुपर्नेछ ।
- नेपाल सरकारको निर्णयानुसार सवारी साधनमा इम्बोष्ड नम्बर प्लेट जडान गर्नु पर्ने भएकाले आफ्नो सवारी दर्ता रहेको कार्यालयमा सम्पर्क गरी जडान प्रकृया शुरु गर्नु हुन अनुरोध छ ।

"सक्षम निजामती प्रशासन: विकास, समृद्धि र सुशासन"
फोन नं.: ०५७-५२६१४६,
ई-मेल ठेगाना: (प्रशासन: admin.hetaudayatayat@bagamati.gov.np),
(सवारी: sawari.hetaudayatayat@bagamati.gov.np),
(लाइसेन्स: license.hetauddayatayat@bagannati.gov.np)

हार्दिक बधाई तथा शुभकामना

यस संघका सल्लाहकार **श्री हिरालाल श्रेष्ठ**ज्यू नेपाल ट्रक व्यवसायी महासंघको केन्द्रीय अध्यक्ष पदमा निर्वाचित हुनुभएकोमा बधाई दिंदै कार्यकाल सफलताको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

कृष्णकुमार गुप्ता (अध्यक्ष) तथा
मकवानपुर उद्योग वाणिज्य संघ, परिवार

HETAUDA CITY HOSPITAL PVT.LTD.
Hetauda-1, Sub-metropolitan
Phone: 057-520315

VACANCY ANNOUNCEMENT

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

S.No.	Designation	No.	Salary (Rs)	Min. Qualifications
1	Staff Nurse	Few	14000-18000	PCL/NHPC registered
2	CMA/ANM	Few	Negotiable	TSLC
3	Receptionist	Few	Negotiable	+2 completed

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपानेद्वारा** प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना